# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १७८ | काठमाडौं | सोमबार, ०९ कात्तिक २०८३ | Prabhab National Daily | Monday, 26 October 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५।-


# एनपिएलको तेस्रो संस्करण आजदेखि

## आइसिसीको मान्यता, डिआरएस प्रविधि र डेढ करोड पुरस्कारको आकर्षण

**प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाली खेलकुदको महाकुम्भ मानिने नेपाल प्रिमियर लिग (एनपिएल) टि–२० क्रिकेट प्रतियोगिताको तेस्रो संस्करण आजदेखि सुरु हुँदै छ । नेपाल क्रिकेट संघ (क्यान)को आयोजनामा कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय (टियू) अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा यो प्रतियोगिता सुरु हुन लागेको हो ।

आगामी मंसिर ५ गतेसम्म चल्ने प्रतियोगितामा आठवटा फ्रेञ्चाइज टिमले प्रतिस्पर्धा गर्ने छन् । जसमा विराटनगर किङ्स, जनकपुर बोल्ट्स, चितवन राइनोज, काठमाडौं गोर्खाज, पोखरा एभेञ्जर्स, लुम्बिनी लायन्स, कर्णाली याक्स र सुदूरपश्चिम रोयल्स रहेका छन् । आज अपराह्न ४:३० बजे सुरु हुने उद्घाटन खेलमा साविक विजेता लुम्बिनी लायन्स र साविक उपविजेता सुदूरपश्चिम रोयल्स खेल्ने छन् ।

क्यानले सार्वजनिक गरेको खेल तालिकाअनुसार कात्तिक २९ गतेसम्म लिग चरणका खेलहरू हुने छन् । मंसिर १ गते पहिलो क्वालिफायर खेल हुने छ । मंसिर २ गते इलिमिनेटर तथा ३ गते दोस्रो क्वालिफायर खेल हुने छ । फाइनल खेल मंसिर ५ गते हुने छ । एनपिएलका ३२ खेलमध्ये फाइनलसहित २० खेल फ्लडलाइटमा खेलाइने क्यानले जनाएको छ ।



त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदान । *तस्बिरः रासस*

सन् २०२४ मा भएको पहिलो संस्करणको उपाधि जनकपुर बोल्ट्सले जितेको थियो । गत वर्ष (सन् २०२५) को दोस्रो संस्करणमा लुम्बिनी लायनस च्याम्पियन बनेको थियो । दुवै संस्करणमा सुदूरपश्चिम रोयल्स उपविजेता बनेको थियो ।

हिन्दू नेपालीहरूको महान् पर्व दसैं सकिएलगत्तै सुरु हुन लागेको एनपिएल क्रिकेट नेपालीहरूको बहुप्रतिक्षित प्रतियोगिता हो ।

क्रमशः पृष्ठ २ मा




- आठवटा फ्रेञ्चाइज टिम प्रतिस्पर्धामा उत्रँदै
- अन्तर्राष्ट्रिय क्रिकेटका 'स्टार' खेलाडीहरू सहभागी
- उद्घाटन खेलमा लुम्बिनी लायन्स र सुदूरपश्चिम रोयल्सबीच प्रतिस्पर्धा हुने
- कात्तिक २९ गतेसम्म लिग चरणका खेलहरू, मंसिर १ मा पहिलो क्वालिफायर, २ गते इलिमिनेटर, ३ गते दोस्रो क्वालिफायर र मंसिर ५ गते फाइनल
- प्रतियोगिताका कूल ३२ खेलमध्ये फाइनलसहित २० वटा खेल फ्लडलाइटमा खेलाइने
- आइसिसीबाट यो संस्करणलाई आधिकारिक 'लिस्ट ए' टि–२० को मान्यता
- नेपालमै पहिलोपटक 'फुल थ्रिडी बल ट्र्याकिङ' सहितको डिसिजन रिभ्यु सिस्टम (डिआरएस) र एआई–आधारित बलिङ तथा ब्याटिङ एनालिटिक्स प्रयोग गरिने
- यसपटक विजेता टोलीले एक करोड ५० लाख पाउने
- सुरक्षाका लागि दैनिक एक हजारभन्दा बढी प्रहरी परिचालन, सिसिटिभी र ड्रोनमार्फत निगरानी

# स्थानीय तह निर्वाचनको तयारीमा जुट्दै दलहरू



- रास्वपाद्वारा स्थानीय तहको प्रमुख/उपप्रमुख, वडाध्यक्ष र वडा सदस्यका लागि आवेदन आह्वान, उम्मेदवारको मनोनयनका दिनभन्दा १५ दिनअघि नै उम्मेदवार निश्चित गर्ने तयारी
- नेपाली कांग्रेस शेरबहादुर देउवापक्षको महाधिवेशनअघि चुनाव केन्द्रित कार्यक्रम तय गर्ने वा नगर्नेबारेमा अलमलमा
- नेकपा एमाले कात्तिकको अन्तिमसम्ममा चुनाव केन्द्रित कार्यक्रम वडा, पालिका, जिल्ला र प्रदेश तहसम्म लैजाने तयारीमा
- शनिबारदेखि सुरू नेकपाको दुई महिने राष्ट्रिय जागरण कार्यक्रम निर्वाचनको तयारीमा केन्द्रित

**प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले स्थानीय तहको निर्वाचनको मिति तोक्ने तयारी गरेसँगै दलहरू चुनावी तयारीमा जुटेका छन् । २०७९ वैशाख ३० मा भएको स्थानीय तहको निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिको पदावधि अबको छ महिनामा सकिने भएसँगै दलहरू चुनावी तयारीमा जुटेका हुन् ।

चुनावी तयारीमा संघीय संसद्को सबैभन्दा ठूलो दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सबैभन्दा अगाडि देखिन्छ । रास्वपाले स्थानीय तहको प्रमुख/उपप्रमुख, वडाध्यक्ष र वडा सदस्यका लागि आवेदन आह्वान गरिसकेको छ । यतिमात्र हैन रास्वपाले उम्मेदवारको मापदण्डसमेत तोकेको छ ।

रास्वपाबाट स्थानीय तहको उम्मेदवार बन्न क्याण्डिडेट क्लबमा आवेदन दिनुपर्ने व्यवस्था गरिएको छ । उम्मेदवार छनोटमा प्रारम्भिक निर्वाचनलाई सबैभन्दा बढी ४० प्रतिशत भार दिइएको छ । त्यस्तै, लिडरसिप एकेडेमी र पार्टीसँगको निकटतालाई २५-२५ प्रतिशत तथा समावेशितालाई १० प्रतिशत भार निर्धारण गरिएको छ । स्थानीय तहको उम्मेदवार चयनका लागि लागि जोडतोडका साथ लागेको रास्वपा संगठन प्रमुख प्रमोद न्यौपानेले बताए । 'हामी उम्मेदवार चयनका लागि जोडतोडका साथ लागेका छौं । नोमिनेसनको १५ दिनअघि नै हामी उम्मेदवारको टुंगो लगाउँछौं,' न्यौपानेले भने ।

रास्वपापछिको दोस्रो ठूलो दल हो, नेपाली कांग्रेस । स्थानीय तहमा भने पहिलो दल कांग्रेस यतिबेला फुटका कारण अलमलमा देखिन्छ । असोज १६ गते सुरु भएको १५औं महाधिवेशनबाट गगन थापाको नेतृत्वमा २२७ सदस्यीय कार्यसमिति निर्वाचित गरिसकेको छ । यता पूर्वसभापति शेरबहादुर देउवापक्षले आफू नै आधिकारिक भन्दै मंसिर २१ देखि काठमाडौंमा १५औं महाधिवेशन गर्दै छ ।

यो बीचमा पार्टी एकताका लागि देउवालाई कांग्रेसको सर्वोच्च नेतासमेत मान्न तयार रहेको कांग्रेस महामन्त्री प्रदीप पौडेल बताउँछन् । 'निवर्तमान सभापतिज्यूलाई अझै पनि वरिष्ठ नेता/सर्वोच्च नेता यस्तो अलंकारिक सम्मान व्यक्त गर्न तयार छौं,' महामन्त्री पौडेलले भने ।

सरकारले चैतमा निर्वाचन गरे त्यसका लागि तयारी गर्ने र यसको निर्णय केन्द्रीय समितिबाट हुने पौडेलले बताए । 'चैतमा स्थानीय तहको निर्वाचन हुन्छ भन्ने छ । हामी निर्वाचनमा गठबन्धन गर्दैनौं । यसबारे हामी केन्द्रीय समितिबाट छलफल गरेर निर्णय लिन्छौ,' पौडेलले भने ।

नेकपा एमालेले विभिन्न बैठक राखेर स्थानीय तहको निर्वाचनको तयारी अघि बढाएको छ । पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीलाई पार्टीमा वरिष्ठ नेताको रूपमा भित्र्याएसँगै कुनै विवाद नरहेको अध्यक्ष केपी शर्मा ओलीले बताउँदै आएका छन् । यस्तो अवस्थामा भएका सानातिना मतभेदलाई त्यागेर स्थानीय तहको निर्वाचनमा लाग्नुपर्ने ओलीले आग्रह गरेको महासचिव शंकर पोखरेलले बताए । 'पार्टीभित्रका सानातिना मतभेदलाई व्यवस्थापन गर्दै आगामी स्थानीय तहको निर्वाचनको तयारीमा जुट्न निर्देशन दिनुभएको छ,' महासचिव पोखरेलले भने ।

एमालेले वडा, पालिका, जिल्ला र प्रदेश तहसम्म युवालाई पार्टीसँग जोड्ने कार्यक्रम चाँडै सार्वजनिक गर्ने पोखरेलले बताए ।

यता नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले भने निर्वाचनको तयारीका लागि राष्ट्रिय जागरण अभियान सुरु गरिसकेको छ । शनिबार सुरु भएको दुई महिने राष्ट्रिय जागरण अभियानको उद्घाटन नेकपाका संयोजक पुष्पकमल दाहालले पोखरा पुगेर गरेका हुन् ।

क्रमशः पृष्ठ २ मा




## पृष्ठ १ बाट क्रमशः

### एनपिएलको...

नेपाली खेलकुदको सबैभन्दा ठूलो प्रतियोगिताको रूपमा एनपिएल स्थापित भइसकेकोले यसको प्रतीक्षामा देश विदेशका लाखौं नेपाली रहेका छन् । चाडपर्वको माहोलसँगै सुरु हुन लागेको यो प्रतियोगिताले उक्त माहोललाई थप तताउने देखिएको छ ।

तेस्रो संस्करणसम्म आइपुग्दा यो प्रतियोगिताले नेपालमामात्रै नभई विश्वभरका क्रिकेटप्रेमीहरूको ध्यान तानेको छ । 'फेस्टिभल अफ हिमालयज' को रूपमा चिनिएको एनपिएललाई यसपटक विश्व क्रिकेटको सर्वोच्च निकाय अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी) ले मान्यता दिएपछि यसको चर्चा थप चुलिएको हो । अन्तर्राष्ट्रिय क्रिकेटमा चर्चित विभिन्न देशका खेलाडीहरूको सहभागिताले यस पटकका खेलहरू थप प्रतिस्पर्धात्मक र रोमाञ्चक बन्नेमात्रै होइन, प्रतियोगिताकै उचाइ बढाउनसमेत महत्त्वपूर्ण हुने जानकारहरू बताउँछन् ।

### आइसिसीको मान्यता र डिआरएसको प्रयोग

एनपिएलको तेस्रो संस्करणलाई आइसिसीले आधिकारिक 'लिस्ट ए' टि-२० को मान्यता दिएको छ । यस मान्यतासँगै प्रतियोगितामा खेलाडीहरूले बनाउने व्यक्तिगत कीर्तिमान तथा टिमको प्रदर्शन अन्तर्राष्ट्रिय क्रिकेट रेकर्डमा समावेश हुने छ ।

साथै, यो संस्करणमा डिसिजन रिभ्यु सिस्टम (डिआरएस) प्रयोग हुँदै छ । यो प्रविधि नेपालमा पहिलोपटक प्रयोग हुन लागेको हो । एलबिडब्ल्यूको रिभ्युका लागि फुल थ्रिडी बल ट्र्याकिङको प्रयोगमार्फत रनआउट, स्टम्पिङ र नो बलको पनि रिभ्यु हुने क्यानले जनाएको छ । एआई माध्यमबाट ब्याटमा लागेको एज डिटेक्सन, हाइटको वाइड, छक्काको लम्बाइ र उचाइ मापनसहित अन्य बलिङ एनालिटिक्स पनि यस तेस्रो संस्करणको एनपिएलमा प्रयोग गरिँदै छ ।

### विजेतालाई डेढ करोड पुरस्कार

एनपिएलको तेस्रो संस्करणको उपाधि जित्ने टोलीले एक करोड ५० लाख रूपैयाँ प्राप्त गर्ने भएको छ । अघिल्लो संस्करणको तुलनामा यसपटक विजेता टोलीको पुरस्कार राशि ४० लाख रूपैयाँले बढाइएको क्यानले आइतबार यहाँ आयोजित पत्रकार सम्मेलनमा जानकारी दिएको हो ।

प्रतियोगितामा दोस्रो स्थान हासिल गर्ने टोलीले ८० लाख रूपैयाँ, तेस्रो हुने टोलीले ४० लाख रूपैयाँ र चौथो स्थानमा रहने टोलीले ३० लाख रूपैयाँ पाउने क्यानका कोषाध्यक्ष पदमबहादुर खड्काले जानकारी दिए ।

गत संस्करणमा लुम्बिनी लायन्सले उपाधिसँगै एक करोड १० लाख रूपैयाँ पुरस्कार पाएको थियो । यसपटक विजेताको पुरस्कार राशि बढाइएसँगै प्रतियोगिताको प्रतिस्पर्धात्मक आकर्षण र व्यावसायिक महत्त्व थप बढ्ने क्यानको अपेक्षा छ ।

### दैनिक एक हजार प्रहरी खटाइँदै

एनपिएलको सुरक्षाका लागि दैनिक एक हजारभन्दा बढी प्रहरी परिचालन गरिने भएको छ । जिल्ला प्रहरी परिसर काठमाडौंले विभिन्न भागमा वर्गीकरण गरेर सुरक्षा योजना तय गरेको जानकारी दिएको छ ।

खेलाडीको सुरक्षाका लागि उनीहरू बस्ने आठ वटा होटलको सुरक्षा, होटलबाट स्टेडियम जाँदाआउँदाको सुरक्षा, ट्राफिक व्यवस्थापन, खेल भएको बेला स्टेडियम तथा दर्शकको सुरक्षा गरी वर्गीकरण गरेर सुरक्षा प्रदान गरिने बताइएको छ ।

खेलको उद्घाटन र समापनमा भिआइपी, भिभिआइपी सवारी हुने भएकाले उनीहरूको सुरक्षा पनि विशेष ख्याल गर्नेगरी व्यवस्था मिलाइएको परिसरको भनाइ छ । दैनिक खटिने एक हजार प्रहरीमा सादा पोसाकका प्रहरीसमेत समेटिने छन् ।

सुरक्षा व्यवस्थालाई थप चुस्त बनाउन प्रतियोगितास्थल वरिपरि सिसिटिभी र ड्रोनमार्फत पनि निगरानी गर्ने व्यवस्था गरिएको छ । बाह्य सुरक्षाका लागि सशस्त्र प्रहरीसमेत परिचालन गरिने जानकारी दिइएको छ ।

■■■

### स्थानीय तह...

मंसिर २५ गतेसम्म सञ्चालन हुने यो अभियानबाटै स्थानीय तहको निर्वाचनको तयारी गर्ने नेकपाको योजना गरेको नेता वर्षमान पुनले बताए । 'गत फागुन २१ गते राष्ट्रिय स्वतन्त्र पार्टीले जुन उत्साह र प्रतिबद्धतासहित जनमत प्राप्त गरेको थियो, त्यसपछि सरकार बनेसँगै जनतामा उत्साह थियो । तर सात महिनाको अवधिमा त्यो उत्साह विस्तारै सेलाउँदै गएको छ । जनतालाई झुक्याइयो भन्ने खालको वितृष्णा पैदा भएको छ,' नेता पुनले भने । अभियानको उद्देश्य सरकारका राष्ट्रहितविपरीत र जनविरोधी गतिविधि तथा प्रतिबद्धताविपरीतका कामबारे जनतालाई सुसूचित गराउनु रहेको पुनको भनाइ छ ।

२०७९ साल वैशाख ३० गते स्थानीय तहको निर्वाचन भएको थियो भने २०७९ साल मंसिर ४ गते प्रदेशसभाको निर्वाचन भएको थियो । संविधानअनुसार स्थानीय तह र प्रदेशसभाका जनप्रतिनिधिको कार्यकाल निर्वाचित भएको मितिले पाँच वर्षको हुने छ ।

यसअनुसार २०७९ वैशाख ३० मा निर्वाचित स्थानीय तहका जनप्रतिनिधिको पाँच वर्षे कार्यकाल २०८४ वैशाख ३० गते सकिँदै छ । निर्वाचन आयोगले यसैलाई ध्यानमा राखेर तयारी अघि बढाएको छ । २०७९ मंसिर ४ मा निर्वाचित प्रदेशसभाको कार्यकाल २०८४ मंसिर ४ गते सकिँदै छ ।

# मन्थलीमा १०२ जना छात्रालाई छात्रवृत्ति



■ प्रभाव संवाददाता

**रामेछाप-** जिल्लाको मन्थली नगरपालिका-१ सानिमदौमा १०२ जना छात्रालाई छात्रवृत्ति प्रदान गरिएको छ । मन्थली नगरपालिका-१ निवासी श्याम सुवेदी तथा उनको परिवारले ११ वर्षअघि सुरु गरेको छात्रवृत्ति कार्यक्रमअन्तर्गत यस वर्ष विभिन्न आठ विद्यालय तथा शैक्षिक संस्थाका छात्रालाई छात्रवृत्ति प्रदान गरिएको हो ।

सानिमदौस्थित सामुदायिक भवनमा आइतबार आयोजित कार्यक्रममा २६ जना छात्रालाई पूर्ण र ७६ जनालाई आंशिक छात्रवृत्ति प्रदान गरिएको थियो । कार्यक्रमको मुख्य उद्देश्य आर्थिक अभावका कारण पढाइमा समस्या भोग्न सक्ने छात्रालाई अध्ययनमा सहयोग पुर्‍याउनु रहेको आयोजकले जनाएको छ ।

कार्यक्रममा प्रमुख अतिथिका रूपमा शिक्षाविद् गुञ्जबहादुर श्रेष्ठ तथा अतिथिका रूपमा नेपाल पत्रकार महासंघ रामेछापका पूर्वअध्यक्ष बद्री नयाँघरे सहभागी थिए । कार्यक्रमको सभापतित्व श्याम सुवेदी र गीता सुवेदीले गरेका थिए ।

पूर्ण छात्रवृत्तिअन्तर्गत क्याम्पस तहका छात्रालाई जनही १८ हजार रूपैयाँ नगदसहित ट्र्याकसुट, ब्याग तथा कापी-कलम प्रदान गरिएको थियो । विद्यालय तहका पूर्ण छात्रवृत्ति पाउने छात्रालाई जनही १० हजार रूपैयाँसहित ट्र्याकसुट, ब्याग तथा कापी-कलम उपलब्ध गराइएको थियो ।

त्यस्तै, आंशिक छात्रवृत्ति पाउने छात्रालाई ट्र्याकसुट, ब्याग तथा वर्षभरि पुग्ने कापी-कलम प्रदान गरिएको थियो । यस वर्षको छात्रवृत्ति मन्थली माध्यमिक विद्यालय, भैरवी माध्यमिक विद्यालय सुनारपानी, तामाकोसी क्याम्पस खिम्ती, सेतीदेवी माध्यमिक विद्यालय सालु, सिद्धेश्वर माध्यमिक विद्यालय गैराथोक, रामेछाप बहुप्राविधिक शिक्षालय मन्थली, सहिद स्मृति क्याम्पस मन्थली र मन्थली स्काउट मन्थलीमा अध्ययनरत छात्रालाई प्रदान गरिएको हो ।

छात्राहरूको शिक्षामा सहयोग पुर्‍याउने उद्देश्यले सुरु गरिएको उक्त कार्यक्रमका लागि यस वर्ष करिब १० लाख रूपैयाँ खर्च भएको आयोजकले जनाएको छ । श्याम सुवेदी तथा उनको परिवारले ११ वर्षदेखि निरन्तररूपमा छात्रवृत्ति प्रदान गर्दै आएको जानकारी दिएको छ ।

### दुई शिक्षक पुरस्कृत

कार्यक्रममा विद्यार्थीलाई शिक्षण-सिकाइमा उत्कृष्ट बनाउन योगदान पुर्‍याएका दुई जना शिक्षकलाई पनि पुरस्कृत गरिएको छ ।

आफ्नो विद्यालयमा गणित विषयमा कमजोर रहेका विद्यार्थीलाई उत्कृष्ट अंक ल्याउन सक्ने बनाउन निरन्तर मिहेनत गर्दै आएका खाडादेवी माध्यमिक विद्यालय चोप्राङ, रामेछापका गणित शिक्षक सुवोध यादव र पशुपति माध्यमिक विद्यालय भुलभुलेका अंग्रेजी शिक्षक प्रल्हाद खत्रीलाई जनही २० हजार रूपैयाँसहित सम्मान गरिएको हो । विद्यार्थीको शैक्षिक गुणस्तर सुधारमा उल्लेखनीय योगदान पुर्‍याउने शिक्षकलाई प्रोत्साहन गर्ने उद्देश्यले पुरस्कार प्रदान गरिएको आयोजकले जनाएको छ ।

यो छात्रवृत्ति कार्यक्रमले आर्थिक अवस्था कमजोर भएका छात्रालाई शिक्षामा निरन्तरता दिन सहयोग पुर्‍याउनुका साथै परिवार तथा समाजमा छोरीको शिक्षाप्रतिको सकारात्मक वातावरण निर्माण गर्न योगदान पुर्‍याउँदै आएको आयोजकको भनाइ छ ।


**कुवेतमा रोजगार** कम्पनी : ALGHANIM INTERNATIONAL GENERAL TRADING & CONTRACTING CO. W.L.L.

पूर्व स्वीकृति मिति : २०८२/१०/२८ पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०७/०८ LT. No. 338825 चलानी नं. ६०२६१२००

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 10 | 0 | 135 | ६६,१८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labour | 91 | 0 | 95 | ४६,५७४ | | | | | | | |
| 3. | Heavy Equipment Operator | 100 | 0 | 220 | १,०७,८५४ | | | | | | | |
| 4. | Driver Heavy Duty | 99 | 0 | 200 | ९८,०५० | | | | | | | |
| 5. | Craner Operator | 10 | 0 | 250 | १,२२,६३ | | | | | | | |
| 6. | Cleaners | 25 | 0 | 135 | ६६,१८४ | | | | | | | |

कम्पनी : COMBINED GROUP CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०७/०९ पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०७/०८ LT. No. 332796 चलानी नं. ६०२६१२००

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Equipment Operator | 123 | 0 | 200 | ९८,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Heavy Vehicle Driver | 64 | 0 | 180 | ८८,२४५ | | | | | | | |
| 3. | Light Vehicle Driver | 47 | 0 | 140 | ६८,६३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ कात्तिक १६ गते (2nd Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Swift Gurkha International Pvt. Ltd.**
श्रम ईजाजत नं. ५५९/०६२/०६३
Samakhusi, Tokha Road, Ktm, Nepal. Tel: +9771 4352128, 4389471, 4350987, Fax: +977-1-4350534



**साइप्रसमा रोजगार** कम्पनी : THEO EMPLOYMENT & TRAVEL LTD

पूर्व स्वीकृति मिति : २०८३/०६/१३ LT. No. 348359 चलानी नं.६०२६१८४५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook A | 2 | 0 | 1262 | २,१४,४९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cook B | 3 | 0 | 1018 | १,७३,०२७ | | | | | | | |
| 3. | Waiter/ Waiters | 4 | 4 | 700 | १,१८,९७७ | | | | | | | |
| 4. | Housekeeping | 2 | 5 | 650 | १,१०,४८० | | | | | | | |
| 5. | Kitchen Helper | 2 | 0 | 650 | १,१०,४८० | | | | | | | |
| 6. | Bartender | 3 | 0 | 800 | १,३५,९७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ कात्तिक १६ गते (2nd Nov. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1798/082/83
**R.D. HUMAN RESOURCE PVT.LTD.**
Ratopul-9, Rudreshwor Marg, Kathmandu, Nepal, Contact: +977-01-4533915, 5924815,
Shyam Kaji Tamang: 9851086813, Raju Dhami+977 980-8583221 E-mail : rdhumanresourcesnp@gmail.com, Web : www.rdhr.com.np



**युएइमा रोजगार** कम्पनी : ORIENT IRRIGATION SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८२/03/२२ पूर्व स्वीकृति मिति : २०८३/०७/०८ LT. No. 326849 चलानी नं. ६०२४०७६१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Labour | 51 | 0 | 1000 | ४१,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Gardener | 4 | 0 | 1000 | ४१,३१० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ कात्तिक १६ गते (2nd Nov. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SHAN A.B. INTERNATIONAL PVT. LTD.**
श्रम ईजाजत नं. ९१५/०६७/६८
Maharajgunj (Near Bhatbhateni), Kathmandu, Nepal
Tel- +977 1 4378054/ +977 1 4378890, Contact Person : 9712062096, 9705779699,9849149768,9813975678



**कतारमा रोजगार** कम्पनी : UM HEESH INTERNATIONAL CO. शहर : DOHA

पूर्व स्वीकृत मितिः २०८२/०५/०५ पुन विज्ञापन स्वीकृत मितिः २०८३/०७/०८ चलानी नं.: ६०२४३५८३ LT.No.: 327180

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ceramic Worker | 6 | 0 | 1200 | ४९,९७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०८३ कार्तिक १६ गते (2nd Nov. 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

Saudi Arabia Govt. L/C : 101
Gov. Lic No. 1769 /081/82
**PRO INTERNATIONAL MANPOWER PVT. LTD.**
Battisputali Gaushala, Kathmandu | Contact no.014533296,014533297
Mob.: 9862923570, 9823935414,9863471212,9810421833| Email: prointernational60@gmail.com | Web: prointernationalmanpower.com.np


### लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ (पैतिस) दिने सूचना !

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/०५/३० मा दर्ता कायम भएको **रिक्रियट इन्फरमेशन टेक्नोलोजी प्रा.लि.**९प्रा.लि.नं.२४१८९२/०७७/०७८० लाई खारेजी लिक्वटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०६/३१ गतेको विशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवम् कोही कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दावी गर्न यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्विडेटर अधिवक्ता श्री श्रवण कुमार श्रेष्ठ**
**लिक्विडेटर**
**इजाजत प्रमाण पत्र नं.४०४, फोन नं.९८५१२१७००४**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

### हक दावी गर्न आउने बारेको ३५ (पैतिस) दिने सूचना

यस कार्यालयमा मिति २०७८/०५/२१ मा दर्ता भएको **चन्द्रमा ट्रेडिङ (प्रा.लि. नं. २७०७७४)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ (पैतिस) दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

## आजको राशिफल



**ज्यो. गुरू अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**सोमबार, ०९ कात्तिक, २०८३**

| | |
|---|---|
| **मेष** | साथीभाइबाट सहयोग मिल्नेछ । आर्थिक कारोबारमा सावधानी अपनाउनुहोस् । |
| **वृष** | मेहनतको राम्रो परिणाम प्राप्त हुनेछ । खर्चमा ध्यान दिनुहोला । |
| **मिथुन** | आत्मविश्वास बढ्नेछ । नयाँ जिम्मेवारी प्राप्त हुन सक्छ । |
| **कर्कट** | काममा सफलता मिल्नेछ । स्वास्थ्य र आराममा ध्यान दिनुहोस् । |
| **सिंह** | महत्त्वपूर्ण काम पूरा हुने दिन छ । पारिवारिक सम्बन्ध सुमधुर रहनेछ । |
| **कन्या** | नयाँ योजना बनाउन अनुकूल समय छ । यात्राबाट लाभ मिल्न सक्छ । |
| **तुला** | नयाँ सम्पर्कले अवसर ल्याउन सक्छ । आम्दानीका स्रोत बढ्ने संकेत छ । |
| **वृश्चिक** | मनमा उत्साह बढ्नेछ । रोकिएको काम पूरा हुँदा सन्तुष्टि मिल्नेछ । |
| **धनु** | कामको दबाब बढ्न सक्छ । धैर्य र संयमले समस्या समाधान हुनेछ । |
| **मकर** | काममा उत्साह बढ्नेछ । आर्थिक पक्षमा सुधारको संकेत छ । |
| **कुम्भ** | नयाँ अवसर प्राप्त हुन सक्छ । बोलीमा संयम अपनाउनुहोस् । |
| **मीन** | रोकिएका काम अघि बढ्नेछन् । परिवारबाट राम्रो सहयोग मिल्नेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

९ कातिक, २०८३ (२६ अक्टोबर २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ | १५४.४८ | १५५.०८ |
| युरो | १ | १७३.३२ | १७३.९९ |
| पाउन्ड स्टिर्लङ | १ | २०४.५५ | २०५.३५ |
| स्विस फ्रैन्क | १ | १८५.९२ | १८६.६४ |
| अस्ट्रेलियन डलर | १ | १०७.८३ | १०८.२५ |
| क्यानाडियन डलर | १ | १०८.५७ | १०८.९९ |
| सिङ्गापुर डलर | १ | १२०.६८ | १२१.१५ |
| जापानी येन | १० | ९.७६ | ९.८० |
| चिनियाँ युआन | १ | २३.०८ | २३.१७ |
| साउदी अरब रियाल | १ | ४१.१५ | ४१.३१ |
| कतारी रियाल | १ | ४२.४२ | ४२.५८ |
| थाई भाट | १ | ४.६१ | ४.६२ |
| संयुक्त अरब इमिरेट दिराम | १ | ४२.०६ | ४२.२३ |
| मलेसियन रिङेट | १ | ३७.८२ | ३७.९६ |
| दक्षिण कोरियन वन | १०० | ११.५२ | ११.५६ |
| स्विडिस क्रोनर | १ | १५.५१ | १५.५७ |
| डेनिस क्रोनर | १ | २३.१९ | २३.२८ |
| हङकङ डलर | १ | १९.६९ | १९.७६ |
| कुवेती दिनार | १ | ५०१.३१ | ५०३.२६ |
| बहराइन दिनार | १ | ४०९.११ | ४१०.७० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।




**दसैं पर्यटन सांस्कृतिक महोत्सव** | पोखराको पर्यटकीय क्षेत्र लेकसाइडमा कोजाग्रत पूर्णिमाका अवसरमा महिला पर्यटन व्यवसायी मञ्चले आइतबार आयोजना गरेको दसैं पर्यटन सांस्कृतिक महोत्सवमा निकालिएको प्रभात फेरीमा पञ्चकन्यालगायत सहभागी । *तस्बिर: रासस*

# १३ विपद्का घटनामा एक जनाको मृत्यु, आठ जना घाइते

**काठमाडौं (प्रस)-** देशभर गएको २४ घण्टामा विभिन्न प्रकृतिका १३ वटा विपद्का घटना भएका छन् । ती घटनामा परी एक जनाको मृत्यु भएको छ भने तीन जना घाइते भएका छन् । विपद्का घटनाबाट करिब १३ लाख २० हजार रूपैयाँबराबरको आर्थिक क्षति भएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार कात्तिक ७ गते बिहान १० बजेदेखि कात्तिक ८ गतेसम्म देशका विभिन्न जिल्लामा आगलागी, सर्पदंश, पहिरो तथा जनावरको आक्रमणलगायतका विपद्का घटना भएका हुन् ।

प्राधिकरणकी प्रवक्ता शान्ति महतका अनुसार भोजपुर र मनाङमा सर्पदंशका घटना भएका छन् । त्यस्तै, पाँचथर, रौतहट, बारा, पर्सा, काठमाडौं, गोरखा, नवलपरासी पश्चिम, बाँके र कञ्चनपुरमा आगलागीका घटना भएका छन् । बाँकेमा जनावरको आक्रमणसमेत भएको प्राधिकरणले जनाएको छ ।

विभिन्न जिल्लामा भएका यी घटनाबाट मानवीयसँगै भौतिक सम्पत्तिमा क्षति पुगेको छ । विपद्मा परी घाइते भएकामध्ये केहीको सम्बन्धित जिल्लाका अस्पतालमा उपचार भइरहेको छ भने केहीलाई थप उपचारका लागि अन्य जिल्लाका अस्पतालमा लगिएको छ ।

प्राधिकरणका अनुसार विपद्बाट भएको क्षतिको विवरण संकलन गर्ने तथा प्रभावित क्षेत्रमा आवश्यक व्यवस्थापन गर्ने कार्य भइरहेको छ । विपद्का घटनाबाट थप क्षति हुन नदिन सम्बन्धित निकायलाई आवश्यक सतर्कता अपनाउनसमेत आग्रह गरिएको छ ।

प्राधिकरणले विपद्को जोखिम देखिएमा स्थानीय प्रशासन, सुरक्षा निकाय तथा सम्बन्धित निकायसँग समन्वय गर्न र आधिकारिक सूचनाको पालना गर्न सर्वसाधारणलाई अनुरोध गरेको छ । जोखिम न्यूनीकरणका उपाय अवलम्बन गर्नुका साथै आवश्यक सतर्कता अपनाउनसके सम्भावित जनधनको क्षति कम गर्न सकिने प्राधिकरणको सुझाव छ ।

# उपत्यकाका सात सम्पदास्थलबाट पोलियो अन्त्यको सन्देश

■ प्रभाव संवाददाता



**काठमाडौं-** विश्व पोलियो दिवसका अवसरमा शनिबार काठमाडौं उपत्यकाका सातवटा विश्व सम्पदास्थललाई जोड्दै ५०० भन्दा बढी साइकलयात्रीले पोलियो उन्मूलनको सन्देश फैलाएका छन् ।

रोटरी इन्टरनेसनल डिस्ट्रिक्ट ३२९२ अन्तर्गतको पोलियोप्लस उपसमितिले पोलियो रोगविरुद्ध जनचेतना बढाउने उद्देश्यले मेगा साइकल र्‍याली आयोजना गरेको हो ।

'इण्ड पोलियो नाउ' अर्थात् 'पोलियो अन्त्य गरौं' भन्ने नारासहित भएको र्‍यालीमा विभिन्न रोटरी क्लबका सदस्य, साइकलयात्री तथा अन्य सहभागीहरू जोडिएका थिए । भक्तपुर दरबार स्क्वायरबाट बिहान सुरु भएको र्‍याली चाँगुनारायण, बौद्ध, पशुपतिनाथ, स्वयम्भू र हनुमानढोका दरबार स्क्वायर हुँदै ललितपुरको पाटन दरबार स्क्वायरमा पुगेर सम्पन्न भएको थियो । र्‍यालीले काठमाडौं उपत्यकाका सातवटा युनेस्को विश्व सम्पदास्थललाई समेटेको थियो ।

ऐतिहासिक तथा सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धनसँगै बालबालिकालाई पोलियोबाट जोगाउन नियमित खोपको महत्त्वबारे सन्देश दिन र्‍याली आयोजना गरिएको आयोजकले जनाएको छ ।

र्‍यालीको उद्घाटन समारोहमा रोटरी इन्टरनेसनल डिस्ट्रिक्ट ३२९२ का डिस्ट्रिक्ट गभर्नर रोटरियन विष्णुबहादुर कार्की, भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति, रोटरी पोलियो ब्राण्ड एम्बासडर तथा मिस वर्ल्ड नेपाल दीपमाला धकाललगायत विभिन्न रोटरी क्लबका प्रतिनिधिहरू सहभागी थिए । रोटरी क्लब अफ आरसी भक्तपुरले कार्यक्रम आयोजना गरेको थियो । क्लबका अध्यक्ष दशरथ प्रजापतिले यस्ता कार्यक्रम आगामी दिनमा पनि सञ्चालन गर्ने बताए ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले बालबालिकालाई रोगबाट सुरक्षित राख्न नियमित खोप र जनचेतनाको महत्त्व रहेको बताए । 'बालबालिकाको स्वास्थ्य सुरक्षित राख्नु परिवारको मात्र नभई सिंगो समाजको जिम्मेवारी हो, पोलियोजस्तो रोगबाट बच्न नियमित खोप आवश्यक छ । यस्ता अभियानले स्वास्थ्यसम्बन्धी सन्देश समुदायसम्म पुर्‍याउन सहयोग गर्छन्,' प्रजापतिले भने ।

रोटरी इन्टरनेसनल डिस्ट्रिक्ट ३२९२ का डिस्ट्रिक्ट गभर्नर रोटरियन विष्णुबहादुर कार्कीले पोलियो उन्मूलनका लागि निरन्तर जनचेतना र सामूहिक प्रयास आवश्यक रहेको बताए ।

रोटरी पोलियो ब्राण्ड एम्बासडर तथा मिस वर्ल्ड नेपाल दीपमाला धकालले पोलियोबारे जनचेतना फैलाउन समाजका सबै पुस्ताको सहभागिता आवश्यक रहेको बताइन् ।

हरेक वर्ष अक्टोबर २४ मा मनाइने विश्व पोलियो दिवसले पोलियो रोगको विश्वव्यापी उन्मूलनका लागि भइरहेका प्रयासलाई बलियो बनाउने उद्देश्य राख्छ । यस अवसरमा नियमित खोपको महत्त्व, रोगबारे जनचेतना र बालबालिकाको स्वास्थ्य सुरक्षामा जोड दिने गरिन्छ ।

# राष्ट्रपति पौडेलले गरे नवदुर्गाको विशेष पूजा



■ प्रभाव संवाददाता

**भक्तपुर-** बडादसैंको अन्तिम दिन कोजाग्रत पूर्णिमाका अवसरमा आइतबार राष्ट्रपति रामचन्द्र पौडेलले भक्तपुरको नवदुर्गा मन्दिरमा पुगेर नवदुर्गा भवानीको पूजाअर्चना गरी प्रसाद ग्रहण गरेका छन् ।

प्रथम महिला सविता पौडेलसहित राष्ट्रप्रमुखका रूपमा नवदुर्गा मन्दिरमा दिउँसो पुगेका राष्ट्रपति पौडेलले नवदुर्गाको विशेष पूजा गरेका हुन् । राष्ट्रपति पौडेललाई रमेश कर्माचार्यले नवदुर्गाको संकल्प पूजा गराएका थिए । राष्ट्रपति पौडेलले नवदुर्गा देवगणका मूर्ति अवलोकन गरी दर्शन गरेका थिए ।

नवदुर्गाका मूल नाइके इन्द्रबहादुर बनमालाले नवदुर्गाको प्रसादस्वरूप प्रदान गरेको नवदुर्गा भवानीको जमरा एवं टीका प्रसाद, फूलमाला, बिमिरो र पञ्चरंगी धागो उनले ग्रहण गरेका थिए ।

नवदुर्गाका २८ जना देवगण, पुजारी तथा तलेजुका मूल नाइकेलाई राष्ट्रपति पौडेलले दक्षिणा प्रदान गरे । राष्ट्रपति पौडेललाई बागमती प्रदेशका मुख्यमन्त्री किरण थापा मगर, प्रदेशका उद्योग, पर्यटन, श्रम तथा यातायातमन्त्री राजेन्द्र प्रजापति, भक्तपुर क्षेत्र नं. १ का संघीय सांसद रुकेश रञ्जित, गंगालक्ष्मी अवाल, प्रमुख जिल्ला अधिकारी विनोदबहादुर खड्कालगायत जिल्लाका सुरक्षा निकायका प्रमुखहरू, गुठी संस्थान कार्यालय भक्तपुरका प्रमुखलगायत विभिन्न व्यक्तिहरूले स्वागत गरेका थिए ।

यसैबीच मुख्यमन्त्री थापामगरले भक्तपुरको नवदुर्गा देवगण जात्रा तथा मन्दिर व्यवस्थापन संस्थालाई बागमती प्रदेश सरकारको तर्फबाट एक लाख रूपैयाँ प्रदान गरे । प्रदेश सरकारको तर्फबाट सम्मानपत्र राष्ट्रपति पौडेलले समितिलाई हस्तान्तरण गरे ।

नवदुर्गा जात्रा सञ्चालनका लागि हरेक वर्ष आर्थिक कठिनाइ हुँदै आएको अवस्थामा अब प्रदेश सरकारले उद्योग तथा पर्यटन मन्त्रालयमार्फत एक लाख रूपैयाँसहित सम्मान गरेको मुख्यमन्त्री थापा मगरले बताए । नवदुर्गा जात्रा संरक्षणका लागि प्रदेश सरकारले आवश्यक सहयोग गर्ने उनले बताए ।

वि.सं. २०४५ मा भूकम्प गएपछि दैवीप्रकोपको घटनाले देश र जनताको हित एवं कल्याणका निमित्त तत्कालीन राष्ट्रप्रमुख यो पूजा अर्चनालाई निरन्तरता दिन थालेको नवदुर्गा मन्दिर व्यवस्थापन समितिका सल्लाहकार नारायणप्रसाद वनमालाले जानकारी दिए । नवदुर्गाअन्तर्गत ब्रह्मायणी, महेश्वरी, कुमारी, वैष्णवी, बाराही, महाकाली, महालक्ष्मी, त्रिपुरासुन्दरी र भद्रकालीको पूजा गरिन्छ ।

## नवदुर्गा नाच प्रशिक्षण तालिम घरको पुनर्निर्माण हुने

**ख्वप (भक्तपुर)-** प्रत्येक वर्ष बडादसैंमा राष्ट्रप्रमुख (राष्ट्रपति) उपस्थित हुने भक्तपुरको नवदुर्गा मन्दिरका देवगण नाच्ने अ:ख: (नवदुर्गा नाच प्रशिक्षण तालिम घर)को पुनर्निर्माण हुने भएको छ ।

नवदुर्गा नाचको प्रशिक्षण सञ्चालन गर्न भक्तपुर नगरपालिका-७ नास:चा: मन्दिर पछाडिपट्टिको अ:ख: (नवदुर्गा नाच नित्य प्रशिक्षण तालिम घर) पुनर्निर्माण हुने भएको हो ।

श्री नवदुर्गा देवगण जात्रा तथा मन्दिर व्यवस्थापन समितिका अध्यक्ष बालगोपाल बनमालाले भक्तपुर नगरपालिकाको बजेटबाट तालिम घर पुनर्निर्माण हुन लागेको जानकारी गराए । करिब २० लाख रूपैयाँको लागतमा तालिम घर पुनर्निर्माण सम्पन्न गर्ने जानकारी उनले दिए । त्यसका लागि उपभोक्ता समिति पनि गठन भइसकेको जानकारी उनले गराए ।

भक्तपुर नगरपालिका-७ का वडाध्यक्ष उकेश कवांले मल्लकालभन्दा अघिदेखि सञ्चालन हुँदै आएको नवदुर्गा देवगण जात्रा मानव समाजलाई दिशाबोध गर्ने महत्त्वपूर्ण सांस्कृतिक परम्परा भएकाले नवदुर्गा देवगण जात्राको संरक्षण र संवर्द्धनका लागि भक्तपुर नगरपालिका सधैँ तत्पर रहेको बताए । उनले नवदुर्गा नाचका लागि निर्माण हुने तालिम घरको निर्माण सम्पन्न भएपछि त्यसको संरक्षण र सदुपयोगमा देवगणहरूको महत्त्वपूर्ण भूमिका हुनुपर्ने धारणा राखे ।

समुदायमा आधारित संस्कृति भएकाले नगरवासीको श्रद्धा, गोप्य तान्त्रिक पूजा तथा संस्कृतिलाई देवगणहरूले सभ्य र भव्यरूपमा जात्राका माध्यमबाट निरन्तरता दिनुपर्नेमा उनले जोड दिए । उनले नवदुर्गा देवगण जात्रासम्बन्धी अभिलेख तयार गरी प्रकाशन गर्नाका साथै पुस्तकालय स्थापना गर्नुपर्ने आवश्यकता औंल्याए ।

भक्तपुर नगरपालिकाले सम्पदा संरक्षण र सांस्कृतिक पहिचानलाई प्राथमिकतामा राख्दै विभिन्न क्षेत्रमा काम गरिरहेको बताउँदै अध्यक्ष कवांले ऐतिहासिक पृष्ठभूमि बोकेको भक्तपुरलाई सभ्य र व्यवस्थित सहरका रूपमा विकास गरिँदै आएको उल्लेख गरे । अष्टमातृका देवगणका मठमन्दिरबाट घेरिएको भक्तपुर ऐतिहासिक सहर भएकाले यसको सांस्कृतिक सम्पदा संरक्षणमा सबैको भूमिका महत्त्वपूर्ण रहेको उनले बताए ।

नवदुर्गा मन्दिर रहेको भक्तपुर नगरपालिका-९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले नवदुर्गा जात्रा सभ्य संस्कृति तथा मानव समाजकै पहिचान भएको बताए । उनले नेपालकै लामो सांस्कृतिक धरोहरका रूपमा रहेको नवदुर्गा जात्राको संरक्षणमा बनमाला तथा उजाजुहरूको ठूलो योगदान रहेको उल्लेख गरे । भक्तपुरको कला तथा संस्कृति संरक्षणमा भक्तपुर नगरपालिका नेपालकै पहिलो नगरका रूपमा अघि बढिरहेको उनले दाबी गरे ।

संस्थाका वरिष्ठ सल्लाहकार नारायणमान बनमालाले देवगण जात्रा र यसको महत्त्वबारे चर्चा गर्दै देवगणहरू सचेत र संगठित भएर जात्राको संरक्षण गर्नुपर्ने बताए । उनले लोभ-लालचमा परी आफ्नो मौलिक अस्तित्व गुमाउने गतिविधिप्रति सचेत हुनुपर्नेमा जोड दिए । *रासस*


## म्याग्दी हाइड्रोपावर लिमिटेड
बुटवल उपमनपा–१०, कालिकानगर, रूपन्देही

**शेयर वापतको रकम जम्मा गर्ने सम्बन्धी सूचना**

*प्रकाशित मिति : २०८३/०६/०९ गते*

यस कम्पनीको मिति २०८३/०५/२६ मा बसेको सञ्चालक समितिको बैठकको निर्णय र मिति २०८३/०६/१९ को **वार्षिक साधारण सभा**को निर्णयबमोजिम रु. १६,०४,७५,०००।- (अक्षरेपी सोह्र करोड चार लाख पचहत्तर हजार रूपैयाँ) बराबरको १६,०४,७५० कित्ता जगेडा शेयर कम्पनीमा अभिलेख कायम शेयरधनीहरूले आ-आफ्नो शेयरको अनुपातमा खरिद गर्न पाउने गरी कम्पनी ऐन, २०६३ को दफा ५६ बमोजिम जारी गरिएको हुँदा सो शेयर खरिदबापतको हुन आउने रकम यस सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन**भित्र कम्पनीको एभरेष्ट बैंकमा रहेको खाता नं.००४००१०५२०१२६७ मा जम्मा गरी सो को सक्कल भौचर कम्पनीमा पेश गर्न सम्पूर्ण शेयरधनी महानुभावहरूलाई यसै सूचनामार्फत सूचित गरिन्छ ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतीस) दिन**भित्र शेयर खरिदबापत हुन आउने रकम जम्मा नगरेको खण्डमा वा शेयर बिक्री गर्ने हक अरूलाई बिक्री वा हस्तान्तरण नगरेमा कम्पनीको सञ्चालक समितिले निर्णय गरेबमोजिम शेयरधनीबाहेकका व्यक्ति वा कम्पनीलाई बिक्री गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**
**सम्पर्क फोन नं.०७-१९५३४५७१**
**इमेल ठेगाना : myagdihydro@gmail.com**



## युएइमा रोजगार
कम्पनी : ORIENT IRRIGATION SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८२/03/२२ | पूर्व स्वीकृति मिति : २०८३/०७/०८ | LT. No. 326849 | चलानी नं. ६०२४०७६१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Labour | 51 | 0 | 1000 | ४१,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Gardener | 4 | 0 | 1000 | ४१,३१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ कात्तिक १६ गते (2nd Nov. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SHAN A.B. INTERNATIONAL PVT. LTD.**
Maharajgunj (Near Bhatbhateni), Kathmandu, Nepal
Tel- +977 1 4378054/ +977 1 4378890, Contact Person : 9712062096, 9705779699,9849149768,9813975678
श्रम ईजाजत नं. ९१५/०६७/६८



## कतारमा रोजगार
कम्पनी : MUNAL TRADING DECOR AND SERVICES

पूर्व स्वीकृति मिति : २०८३/०६/३० | LT. No. 349404 | चलानी नं.६०२६२६६२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ACCOUNTANT(GEN) | 0 | 1 | 3900 | १,६२,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | PURCHASE REP | 0 | 1 | 2500 | १,०४,१२१ | | | | | | | |
| 3 | EXECUTIVE SALES | 2 | 0 | 2400 | ९९,९५६ | | | | | | | |
| 4 | BUSIN EXECUTIVE | 0 | 2 | 2800 | १,१६,६१६ | | | | | | | |
| 5 | MANAGER SALES | 1 | 0 | 6200 | २,५८,२२१ | | | | | | | |
| 6 | CAR DRIVER LIGHT | 2 | 0 | 2000 | ८३,२९८ | | | | | | | |
| 7 | EXECUTIVE MANAGER | 0 | 1 | 6200 | २,५८,२२१ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ कात्तिक १६ गते (2nd Nov. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Venus Recruitment Services Pvt Ltd**
श्रम ईजाजत नं. १८४८/०८२/०८३
Sinamangal-9, Kathmandu, Nepal
Phone No. +977-1-5927521, E-mail : vrs.nepal@gmail.com, info@venusrecruitment.com.np



## युएइमा रोजगार
कम्पनी : THE VALET COMPANY PARKING SERVICES - SOLE PROPRIETORSHIP L.L.C.

पूर्व स्वीकृति मिति : २०८३/०६/२९ | LT. No. 349263 | चलानी नं. ६०२६२४४०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver (Light Vehicle) | 12 | 0 | 1400 | ५८,०३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ कात्तिक १६ गते (2nd Nov. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**DAR AL-KHALEEJ OVERSEAS MANPOWER CONSULTANT**
श्रम ईजाजत नं. ५५७/०६२/६३
Sambhu Marg, Airport, Kathmandu, Nepal, Contact no.: 01- 4569996, 9804821491, 9801041130
Email: recruitment@daralkhaleej.org, Web: www.daralkhaleej.com.np



## युएइमा रोजगार
कम्पनी : BWABT ALBHR BUILDING CLEANING SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८३/03/30 | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०७/०८ | LT. No. 344903 | चलानी नं. ६०२५८१९०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 1 | 1 | 1000 | ४१,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ कात्तिक १६ गते (2nd Nov. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MAHAD MANPOWER PVT. LTD. (SPLENDID JOB SOLUTION PVT. LTD.)**
श्रम ईजाजत नं. ९८१/०६७/०६८
Tinkune, Kathmandu, Nepal Tel No: +9'77-1-4112456/ 411 2457,
Shankar ghatani -9845312486, Ozina Sangat -9828860764, Denisha Dahal -9813511839
Email Id: info@mahadmanpower.com.np, Web: mahadmanpower.com.np, Job Portal: mahadjobs.com



## जापानमा रोजगार
कम्पनी : Futago Cooperative Society

पूर्व स्वीकृति मिति : २०८३/०६/३० | LT. No. 349383 | चलानी नं. ६०२६२६६८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | सेवा शुल्क | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Trainee Workers (Construction) | 3 | 0 | 225000 | २,१७,७३५ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | निःशुल्क | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्केपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः १०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ कात्तिक १६ गते (2nd Nov. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Google Overseas Pvt.Ltd**
KTM-4, Dhumbarahi, Nepal, Phone No.+977-01-4565296,
E-mail : info@googleoverseas.com Website : www.googleoverseas.com
श्रम ईजाजत नं. ६३१/०६३/०६४

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# एनपिएल र नेपाली क्रिकेटको स्वर्णिम दिशा

नेपाली क्रिकेटको सबैभन्दा ठूलो महाकुम्भ 'नेपाल प्रिमियर लिग' (एनपिएल) टि–२० को तेस्रो संस्करण कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा औपचारिकरूपमा आज सुरु हुँदै छ । नेपाल क्रिकेट संघ (क्यान)को आयोजनामा हुने यो प्रतियोगिताले खेलकुदप्रेमीहरूमा नयाँ उत्साह, उमंग र जोस भरेको छ । दसैंको भव्य उत्सवलगत्तै सुरु भएको यस प्रतियोगिताले देशभित्र र बाहिर रहेका लाखौं नेपालीहरूलाई क्रिकेटको साझा धागोमा बाँध्ने काम गरेको छ । आठवटा फ्रेन्चाइज टोलीको सहभागिता र साविक विजेता लुम्बिनी लायन्स तथा उपविजेता सुदूरपश्चिम रोयल्सबीचको उद्घाटन भिडन्तले यसपटकको एनपिएल सुरुवातमै निकै रोमाञ्चक बन्ने प्रस्ट संकेत गरेको छ ।

एनपिएलको तेस्रो संस्करण केवल एउटा प्रतियोगितामा मात्र सीमित नरहेर नेपाली क्रिकेटको इतिहासमै एउटा नयाँ कोसेढुंगा साबित भएको छ । यसपटकको एनपिएललाई अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी) ले आधिकारिक 'लिस्ट ए' टि–२० को मान्यता दिएको छ । यो मान्यता नेपाली क्रिकेट संरचना र गुणस्तरका लागि एक ऐतिहासिक उपलब्धि हो । यससँगै प्रतियोगितामा खेलाडीहरूले बनाउने व्यक्तिगत कीर्तिमान र टोलीको प्रदर्शन अन्तर्राष्ट्रिय क्रिकेटको आधिकारिक रेकर्डमा सूचीकृत हुने छन् । यस कदमले देशभित्रका युवा प्रतिभाहरूलाई आफ्नो क्षमता प्रदर्शन गरी विश्व मञ्चमा स्थान बनाउन अतुलनीय अवसर दिएको छ । साथै, विश्वप्रसिद्ध अन्तर्राष्ट्रिय खेलाडीहरूको बढ्दो सहभागिताले प्रतियोगिताको प्राविधिक स्तर र व्यावसायिक उचाइलाई अझ बढाएको छ ।

प्रविधि र पुरस्कार राशिको हिसाबले पनि यसपटकको एनपिएलले ठूलो फड्को मारेको छ । नेपालमै पहिलोपटक पूर्णरूपमा 'फुल थ्रिडी बल ट्र्याकिङ' सहितको डिसिजन रिभ्यु सिस्टम (डिआरएस) प्रयोगमा ल्याइनुले खेलको निष्पक्षता र शुद्धतालाई उच्चस्तरमा पुऱ्याउने छ । एआई प्रविधिको माध्यमबाट ब्याटको एज डिटेक्सन, नो बल, स्टम्पिङ, वाइड र बलिङ एनालिटिक्सको मापन गर्ने आधुनिक प्रविधिको प्रयोगले नेपाली मैदानलाई अन्तर्राष्ट्रियस्तरको पूर्वाधारसँग जोडेको छ । ३२ मध्ये २० वटा खेल फ्लडलाइट (रात्रिकालीन) मा सञ्चालन हुनु अर्को आकर्षण हो । यसका साथै, विजेता टोलीका लागि पुरस्कार राशि बढाएर एक करोड ५० लाख रूपैयाँ पुऱ्याइनुले प्रतियोगिताको व्यावसायिक महत्त्व र टोलीहरूबीचको प्रतिस्पर्धात्मक भावनालाई थप बलियो बनाएको छ ।

कुनै पनि ठूला प्रतियोगिताको सफल सञ्चालनका लागि व्यवस्थापन र सुरक्षा मुख्य आधार हुन् । क्यानले सार्वजनिक गरेको चुस्त खेल तालिका, दैनिक एक हजारभन्दा बढी नेपाल प्रहरी, सादा पोसाकका टोली र सशस्त्र प्रहरीसहितको सुरक्षा योजना, सिसिटिभी र ड्रोनमार्फत गरिने आधुनिक निगरानी सराहनीय छन् । खेलाडीको बसाइ, यातायात र रंगशालाको समग्र सुरक्षालाई प्राथमिकतामा राखेर गरिएको यो व्यवस्थापनले प्रतियोगितालाई व्यवस्थित बनाउन ठूलो योगदान पुऱ्याउने छ ।

अन्ततः 'फेस्टिभल अफ हिमालयज' का रूपमा स्थापित हुँदै गएको एनपिएलले नेपाली क्रिकेटलाई नयाँ दिशा र दिशाबोध गराएको छ । सीमित साधन र स्रोतका बाबजुद क्यानले देखाएको यो तत्परता र प्रविधिको प्रयोग अनुकरणीय छ । मैदानभित्रको निष्पक्ष खेल, समर्थकहरूको अनुशासित साथ र आयोजकको चुस्त व्यवस्थापनले एनपिएललाई विश्वभरका क्रिकेटप्रेमीमाझ अझ लोकप्रिय बनाउने छ भन्नेमा कुनै द्विविधा छैन । एनपिएलको तेस्रो संस्करणको पूर्ण सफलताको हार्दिक शुभकामना !

## श्रम सरोकार

# साउदी अरेबियामा रहेका नेपालीहरूले अपनाउनुपर्ने सावधानी

### अज्ञात फोन कल वा मेसेजबाट सचेत रहने

कुनै प्रकारको प्रलोभन देखाइ, चिठ्ठा परेको भनी वा बैंक तथा सरकारी कार्यालयको कर्मचारी हो भनी कसैले तपाईंको ओटिपीलगायतका व्यक्तिगत विवरण मागेमा नदिने ।

### मोबाइल सेवा खरिद गर्दा सावधानी अपनाउने

खुला पसलहरू वा अनधिकृत डिलरहरूबाट सिमकार्ड नकिन्ने । मोबाइल सिम कार्ड, इन्टरनेट सेवा, वा किस्ताबन्दी योजनाहरू खरिद गर्दा सम्झौताका सर्तहरू ध्यानपूर्वक अध्ययन गर्ने । सेवा प्रदायक वा एजेन्टहरूसँग माथि उल्लिखित विषयमा सम्झौता गर्दा आफ्नो जानकारीको दुरूपयोग नहुने कुरा सुनिश्चित गर्ने ।

आफ्नो व्यक्तिगत जानकारी र कागजातहरू सुरक्षित राख्ने

आफ्नो इकामा, राहदानी, बैंक विवरण वा अन्य व्यक्तिगत कागजातहरू अनावश्यकरूपमा कसैलाई नदिने । यदि कोही कसैले तपाईंको इकामा मागेमा मागिएको विवरणहरू किन आवश्यक छ भनी पहिले राम्रोसँग बुझ्नुहोस् । तपाईंको कम्पनी वा अन्य कुनै निकाय वा व्यक्तिले कुनै कागजमा तपाईंलाई हस्ताक्षर गर्न भनेमा त्यसमा लेखिएको व्यहोरा बुझेर उचित लागेमा मात्र हस्ताक्षर गर्नुहोस् ।

### अब्शेर खाताको जानकारी सुरक्षित राख्ने

आफ्नो अब्शेर खाताको विवरण, पासवर्ड, वा ओटिपी कसैलाई पनि नदिने । अपरिचित व्यक्तिलाई तपाईंको अबशेर खाता खोल्न, अपडेट गर्न, वा परिवर्तन गर्न सहयोग नमाग्नुहोस् । कसैले सहयोग गर्छु भने पनि त्यस्तो व्यक्तिको सहयोग नलिने । आफ्नो मोबाइल फोन कसैलाई पनि नदिने । प्रायोजक (स्पोन्सर), एचआर कर्मचारी, वा अन्य जो सुकै भए पनि आफ्नो फोनको प्रयोग गर्न अरुलाई नदिने । उनीहरूले तपाईंको जानकारी दुरूपयोग गर्न वा ठगीका लागि प्रयोग गर्न सक्छन् ।

### अनलाइन किनमेल वा वित्तीय कारोबार गर्दा सावधानी अपनाउने

आधिकारिक वेबसाइटहरू वा एप्सबाट मात्र बिलको रकम तिर्ने । आफ्नो डेबिट/क्रेडिट कार्डको विवरण वा अन्य संवेदनशील जानकारी अनधिकृत वा शंकास्पद वेबसाइटहरूमा नबाँड्ने ।

# देश कसले बनाउँछ ?



■ आरपी गैरे

देश कसले बनाउँछ ? यो प्रश्न अहिले कुनै राजनीतिक दलका कार्यकर्ताले मात्र होइन, बिहान घरबाट निस्कँदा दिनभरको खर्च कसरी धान्ने भन्ने चिन्तामा रहेको आम नागरिकले गरिरहेको प्रश्न हो ।

चुनाव आउँदा ठूला-ठूला सपना सुनाइन्छन्, परिवर्तनका नारा घन्काइन्छन्, पुराना राजनीतिक दल असफल भएको घोषणा गरिन्छ र नयाँ राजनीतिक शक्तिले देशको मुहार बदल्ने दाबी गर्छ । जनताले पनि परिवर्तनको आशामा नयाँ शक्तिलाई विश्वास गर्छन् । तर चुनाव सकिएपछि सबैभन्दा महत्त्वपूर्ण प्रश्न उठ्छ- जनताको जीवनमा साँच्चै के बदलियो ? भान्साको खर्च घट्यो कि बढ्यो ? युवाले स्वदेशमै रोजगारी पाए कि पाएनन् ? विदेश जाने युवाको संख्या कम भयो कि भएन ? किसानले उत्पादनको उचित मूल्य पाए कि पाएनन् ? सानो व्यवसायीले सहजरूपमा व्यवसाय गर्न पायो कि पाएन ? गरिब परिवारले शिक्षा, स्वास्थ्य र दैनिक जीवनको खर्च धान्न सके कि सकेन ? यी प्रश्नको जवाफ भाषणले होइन, परिणामले दिनुपर्छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले चुनावअघि आफूलाई पुरानो राजनीतिक अभ्यासको विकल्पका रूपमा प्रस्तुत गरेको थियो । सुशासन, भ्रष्टाचार नियन्त्रण, रोजगारी सिर्जना, आर्थिक सुधार, सेवा प्रवाहमा परिवर्तन र राज्य सञ्चालनमा नयाँ शैलीको आशा देखाइएको थियो । चुनावमा जनताले पनि त्यही आशाका आधारमा रास्वपालाई ठूलो जनमत दिए । सरकार गठन भएपछि जनतामा अपेक्षा अझ बढ्नु स्वाभाविक थियो । नयाँ राजनीतिक शक्तिले सरकार सञ्चालन गर्दा विगतका कमजोरी दोहोरिँदैनन्, प्रशासनिक बेथिति घट्छ, भ्रष्टाचार नियन्त्रण हुन्छ, युवाका लागि अवसर सिर्जना हुन्छ र अर्थतन्त्र चलायमान बन्छ भन्ने आशा धेरैले गरेका थिए । तर अहिले सरकार गठन भएको केही समयपछि जनताको एउटा ठूलो हिस्साले फेरि उही प्रश्न गर्न थालेको छ- परिवर्तन कहाँ आयो ?

सरकारले आफ्ना तर्फबाट विभिन्न सुधारका काम भएको दाबी गरिरहेको छ । प्रशासनिक संरचनामा सुधार, सेवा प्रवाहलाई डिजिटल बनाउने प्रयास, राजनीतिक नियुक्तिमा कटौती, सरकारी संयन्त्रलाई चुस्त बनाउने प्रयासलगायतका कामलाई सरकारले आफ्नो उपलब्धिका रूपमा प्रस्तुत गरेको छ । यी काम राज्य सुधारका दृष्टिले महत्त्वपूर्ण हुन सक्छन् । तर लोकतन्त्रमा सरकारको मूल्यांकन सरकार आफैंले सार्वजनिक गरेको उपलब्धिको सूचीले मात्र हुँदैन । नागरिकको अनुभव पनि त्यत्तिकै महत्त्वपूर्ण हुन्छ ।

एउटा मन्त्रालयको संरचना फेरियो कि फेरिएन भन्ने कुरा आमनागरिकका लागि त्यतिबेला अर्थपूर्ण हुन्छ, जतिबेला सरकारी सेवा लिन सजिलो हुन्छ । प्रशासनिक सुधारको अर्थ त्यतिबेला हुन्छ, जतिबेला नागरिकले सरकारी कार्यालयमा अनावश्यक झण्झट, ढिलासुस्ती वा पहुँचको समस्या भोग्नु पर्दैन । सुशासनको अर्थ त्यतिबेला हुन्छ, जतिबेला सामान्य नागरिकले राज्यसँग काम लिन शक्ति, पैसा वा राजनीतिक पहुँच खोज्नु पर्दैन ।

आजको सबैभन्दा ठूलो प्रश्न यही हो- राज्यको संरचना र शासन प्रणालीमा परिवर्तनको चर्चा भइरहँदा जनताको दैनिक जीवनमा कति परिवर्तन आयो ? एउटा मजदुरले आज हिजोभन्दा बढी कमाइरहेको छ कि छैन ? एउटा परिवारले आज हिजोभन्दा सहजरूपमा घर चलाउन सकेको छ कि छैन ? एउटा युवाले नेपालमै आफ्नो भविष्य देख्न थालेको छ कि छैन ? एउटा किसानले आफ्नो उत्पादन बेचेर परिवार पाल्न सक्ने अवस्था बन्यो कि बनेन ? एउटा सानो व्यवसायीले बैंकको ऋण, कर, बजार र प्रशासनिक झण्झटबीच व्यवसाय टिकाउन सक्ने वातावरण पायो कि पाएन ? सरकारको सफलताको वास्तविक मापन यिनै प्रश्नको उत्तरमा हुन्छ ।

महँगी झेल्दै नेपाली समाजको ठूलो सांस्कृतिक पर्व दसैं सकिएको छ । वर्षभरि दुःख गरेर कमाएको थोरै रकम परिवारका लागि खर्च गर्ने समय पनि यही हो । नयाँ कपडा, खाद्यान्न, यातायात, घरायसी सामग्री, शिक्षा र स्वास्थ्यलगायतका खर्च एकैपटक बढ्छन् । आम्दानी स्थिर रहँदा खर्च बढेपछि न्यून आय भएका परिवारलाई चाडपर्व पनि आर्थिक बोझ बन्ने गरेको छ । धनी परिवारका लागि बजारमा मूल्य बढ्नु सामान्य विषय हुन सक्छ, तर दैनिक ज्यालादारी गरेर परिवार चलाउने नागरिकका लागि केही सय रूपैयाँको अतिरिक्त खर्च पनि ठूलो समस्या बन्छ । त्यसैले सरकारले आर्थिक सूचकांक सुधार भएको दाबी गरे पनि नागरिकको भान्सामा त्यसको प्रभाव देखिनु आवश्यक छ ।

> प्रकृति केवल स्रोत होइन, अस्तित्वको आधार पनि हो । नदी केवल पानी होइन; वन केवल काठ होइन; हिमाल केवल पर्यटनको दृश्य होइन; जमिन केवल सम्पत्ति होइन । यी सबैको आफ्नै पारिस्थितिक, सामाजिक, सांस्कृतिक र जीवनदायी मूल्य छ । हामीले आफ्नो स्वार्थ पूरा गर्न प्रकृतिको कुनै अंशलाई आफूअनुकूल प्रयोग गर्न पाएनौं भन्दैमा त्यो प्रकृति खराब हुँदैन । कहिलेकाहीँ हाम्रो अपेक्षा र वास्तविकताबीचको दूरीले पनि हामीलाई सृष्टिप्रति असन्तुष्ट बनाउँछ । हामी जीवनमा सबै कुरा आफूले चाहेअनुसार होस् भन्ने चाहन्छौं ।

महँगी केवल अर्थशास्त्रको तथ्यांक होइन, यो नागरिकको जीवनसँग प्रत्यक्ष जोडिएको विषय हो । बजारमा खाद्यान्न, तरकारी, तेल, दाल, ग्यास, यातायात, शिक्षा र स्वास्थ्यको खर्च बढ्दा त्यसको प्रत्यक्ष असर न्यून आय भएका परिवारमा पर्छ । सरकारसँग बजार अनुगमन गर्ने संयन्त्र छन्, मूल्य नियन्त्रण तथा उपभोक्ता संरक्षणसम्बन्धी नीति छन् । तर बजारमा बिचौलियाको प्रभाव, कृत्रिम अभाव, अस्वाभाविक मूल्यवृद्धि वा कालोबजारी छ भने त्यसलाई नियन्त्रण गर्नु सरकारको जिम्मेवारी हो । नागरिकले सरकारबाट यही अपेक्षा गर्छन् कि बजारमा राज्यको उपस्थिति देखियोस् र कमजोर वर्गलाई व्यापारी तथा बजारको मनोमानीमा छाडिनु नपरोस् ।

अर्को ठूलो प्रश्न रोजगारीको हो । नेपालका युवाको भविष्य अहिले पनि वैदेशिक रोजगारीसँग गहिरोरूपमा जोडिएको छ । गाउँमा खेतबारी बाँझिँदै छन्, सहरमा रोजगारीको खोजीमा आएका युवा अवसर नपाएर विदेश जाने तयारी गरिरहेका छन् । विमानस्थलमा पासपोर्ट बोकेर उभिएका युवाको भीड केवल एउटा पुस्ताको व्यक्तिगत निर्णय होइन, देशको अर्थतन्त्र र रोजगारी प्रणालीसँग जोडिएको गम्भीर प्रश्न हो । विदेश जाने प्रत्येक युवालाई देशमै बस भन्न सकिन्छ, तर उसलाई नेपालमै बस्ने आधार के दिने ? उसले आफ्नो क्षमता र श्रमबाट नेपालमै सम्मानजनक आम्दानी गर्न सक्ने वातावरण राज्यले बनाएको छ कि छैन ? यही प्रश्नको उत्तर खोजिनुपर्छ ।

युवालाई देशमै रोक्न भाषण पर्याप्त हुँदैन । स्वदेशमै रोजगारी सिर्जना गर्न उत्पादन बढाउनुपर्छ, उद्योग खोल्नुपर्छ, कृषि आधुनिकीकरण गर्नुपर्छ, पर्यटन विस्तार गर्नुपर्छ, सूचना प्रविधि र नयाँ उद्यमलाई प्रोत्साहन गर्नुपर्छ । बैंकको ऋण लिन खोज्दा झण्झट, व्यवसाय सुरु गर्दा अनेक प्रक्रिया, बजार खोज्दा असुरक्षा र लगानी गर्दा राजनीतिक तथा प्रशासनिक अनिश्चितता भयो भने युवा कसरी देशमै बस्छ ? त्यसैले रोजगारीको समस्या केवल श्रम मन्त्रालयको समस्या होइन । यो अर्थतन्त्र, शिक्षा, उद्योग, कृषि, ऊर्जा, पूर्वाधार र समग्र शासन प्रणालीसँग जोडिएको विषय हो ।

रास्वपामाथि अहिले उठिरहेको प्रश्न पनि यही हो । उसले चुनावअघि परिवर्तनको ठूलो आशा जगाएको थियो । त्यसैले जनताले अहिले सरकारले के गऱ्यो भनेर प्रश्न गर्नु स्वाभाविक हो । नयाँ दल भएकाले उसलाई केही समय दिनुपर्छ भन्ने तर्क हुन सक्छ । सरकार सञ्चालन सहज काम होइन, पुरानो प्रशासनिक संरचना, आर्थिक समस्या, अन्तर्राष्ट्रिय परिस्थिति र दशकौंदेखि थुप्रिएका समस्या एकैपटक समाधान गर्न सकिँदैन । यो पक्षलाई पनि बुझ्नुपर्छ । तर सरकारसँग समय छ भन्दै जनताका प्रश्नलाई अनन्त समयसम्म पन्छाउन पनि मिल्दैन । जनताले प्रश्न गर्छन्, सरकारले जवाफ दिनुपर्छ । जनताले आलोचना गर्छन्, सरकारले आफ्नो कामबाट जवाफ दिनुपर्छ ।

राजनीतिमा सबैभन्दा खतरनाक अवस्था तब आउँछ, जब प्रचार र वास्तविकताबीच ठूलो दूरी पैदा हुन्छ । चुनावअघि एउटा कुरा भनिन्छ, सरकारमा पुगेपछि अर्को कुरा गरिन्छ र त्यसपछि आलोचना गर्ने नागरिकलाई विरोधी भनेर पन्छाइन्छ भने लोकतान्त्रिक उत्तरदायित्व कमजोर हुन्छ । नयाँ राजनीतिक शक्तिले आफूलाई पुराना दलभन्दा फरक भनेर स्थापित गरेको छ भने उसको परीक्षा पनि त्यही आधारमा हुन्छ । पुराना दलले गरेका गल्ती देखाएर नयाँ दल सत्तामा पुग्न सक्छ, तर सत्तामा पुगेपछि आफ्ना कामको जवाफ दिनबाट उम्किन सक्दैन ।

राजनीति जनताको जीवन बदल्ने माध्यम हो । राजनीतिको उद्देश्य सत्ता प्राप्तिमात्र होइन । सत्ता जनताको सेवा गर्न प्रयोग हुने साधन हो । प्रधानमन्त्री मन्त्री, सांसद वा पार्टी नेतृत्वको पद आफैंमा उपलब्धि होइन । उपलब्धि तब हुन्छ, जब नागरिकले राज्यका कारण आफ्नो जीवनमा सुधार भएको अनुभव गर्छ । एउटा गरिब परिवारको बच्चाले गुणस्तरीय शिक्षा पायो भने त्यो उपलब्धि हो । एउटा बेरोजगार युवाले स्वदेशमै रोजगारी पायो भने त्यो उपलब्धि हो । किसानले उत्पादनको उचित मूल्य पायो भने त्यो उपलब्धि हो । बिरामीले सहज र सस्तो उपचार पायो भने त्यो उपलब्धि हो । सामान्य नागरिकले सरकारी कार्यालयमा घुस नदिई सेवा पायो भने त्यो सुशासन हो ।

त्यसैले सरकारको सफलता मापन गर्ने आधार पनि बदलिनुपर्छ । कति भाषण गरियो, कति पत्रकार सम्मेलन भयो, कति सामाजिक सञ्जाल पोस्ट गरियो वा कति योजना घोषणा गरियो भन्ने होइन, ती योजनाको प्रभाव नागरिकको जीवनमा कति पर्यो भन्ने हेर्नुपर्छ । घोषणा गर्न सजिलो हुन्छ, कार्यान्वयन गर्न कठिन हुन्छ । भाषण गर्न सजिलो हुन्छ, रोजगारी सिर्जना गर्न कठिन हुन्छ । भ्रष्टाचारविरुद्ध बोल्न सजिलो हुन्छ, भ्रष्टाचारको संरचना तोड्न कठिन हुन्छ । यही कठिन काम गर्न सरकार तयार छ कि छैन भन्ने नै वास्तविक परीक्षा हो ।

जनता अहिले केवल रास्वपामाथि प्रश्न गरिरहेका छैनन् । उनीहरू सम्पूर्ण नेपाली राजनीतिमाथि प्रश्न गरिरहेका छन् । हिजो कांग्रेससँग आशा थियो, एमालेसँग आशा थियो, माओवादीसँग आशा थियो, नयाँ दलहरूसँग पनि आशा भयो । तर पटक-पटक आशा गरेर पनि जीवनमा अपेक्षित परिवर्तन नआएपछि नागरिकमा निराशा पैदा हुनु स्वाभाविक हो । 'सबै उस्तै हुन्' भन्ने भावना लोकतन्त्रका लागि स्वस्थ संकेत होइन । त्यसैले प्रत्येक राजनीतिक शक्तिले नागरिकको विश्वासलाई गम्भीररूपमा लिनुपर्छ ।

सरकारले पनि आलोचनालाई शत्रुताका रूपमा लिनु हुँदैन । आलोचना लोकतन्त्रको स्वाभाविक प्रक्रिया हो । नागरिकले प्रश्न गर्नु सरकारविरोधी गतिविधि होइन । बरु सरकारलाई सही बाटोमा राख्ने लोकतान्त्रिक संयन्त्र हो । तर नागरिकले पनि तथ्यका आधारमा प्रश्न गर्नुपर्छ । सरकारले गरेका सकारात्मक काम छन् भने त्यसलाई स्वीकार गर्नुपर्छ, कमजोरी छन् भने तथ्यसहित प्रश्न गर्नुपर्छ । न अन्धसमर्थन आवश्यक छ, न अन्धविरोध । आवश्यक कुरा हो- तथ्य, परिणाम र जवाफदेहिता ।

चाडबाडका बेला घर चलाउन कठिन भइरहेको परिवारका लागि राजनीति त्यतिबेला मात्र अर्थपूर्ण हुन्छ, जब सरकारले उसको जीवनमा केही राहत ल्याउन सक्छ । विदेश जान पासपोर्ट बोकेर हिँडिरहेका युवाका लागि राजनीति त्यतिबेला अर्थपूर्ण हुन्छ, जब उसले नेपालमै अवसर देख्न थाल्छ । ऋणमा डुबेको किसानका लागि राजनीति त्यतिबेला अर्थपूर्ण हुन्छ, जब उसले आफ्नो उत्पादनको मूल्य पाउँछ । सानो व्यवसायीका लागि राजनीति त्यतिबेला अर्थपूर्ण हुन्छ, जब उसले सुरक्षित र सहज वातावरणमा व्यवसाय गर्न सक्छ । विद्यार्थीका लागि राजनीति त्यतिबेला अर्थपूर्ण हुन्छ, जब उसले पढाइपछि आफ्नो भविष्यको बाटो देख्न सक्छ ।

अहिले जनताको मूल चिन्ता यही हो- भोलि के हुन्छ ? छोराछोरीलाई कसरी पढाउने ? घरभाडा कसरी तिर्ने ? चाडबाडको खर्च कसरी जुटाउने ? बजारको मूल्य कसरी धान्ने ? जागिर कहाँ खोज्ने ? विदेश जाने कि नेपालमै बस्ने ? यी प्रश्नको बीचमा राजनीतिक दलहरूले सत्ता, पद र आन्तरिक संघर्षको कुरा गरिरहँदा नागरिकलाई राजनीति आफ्नै जीवनबाट टाढाको विषयजस्तो लाग्न सक्छ । त्यसैले अब राजनीतिको केन्द्रमा जनताको दैनिक जीवन फर्काउन आवश्यक छ ।




रास्वपा सरकारले आफूलाई अरूभन्दा फरक प्रमाणित गर्ने हो भने अब सबैभन्दा पहिले आफ्ना चुनावी प्रतिबद्धताको सार्वजनिक हिसाब दिनुपर्छ । कुन प्रतिबद्धता पूरा भयो, कुन प्रक्रियामा छ, कुन पूरा हुन सकेन र किन सकेन भन्ने कुरा स्पष्टरूपमा जनतासामु राख्नुपर्छ । रोजगारीका लागि के योजना अघि बढाइयो र त्यसबाट कति रोजगारी सिर्जना भयो ? महँगी नियन्त्रणका लागि के गरियो र त्यसको प्रभाव के भयो ? सेवा प्रवाह सुधारमा नागरिकले कस्तो परिवर्तन अनुभव गरे ? भ्रष्टाचार नियन्त्रणका लागि भएका प्रयासको परिणाम के आयो ? अर्थतन्त्र चलायमान बनाउन लगानी र उत्पादनमा के सुधार भयो ? यस्ता प्रश्नको जवाफ तथ्यांकसहित आउनुपर्छ ।

यस्तै, विपक्षी दलहरूले पनि सरकारको कमजोरी देखाएर मात्र आफ्नो राजनीतिक जिम्मेवारी पूरा भएको ठान्नु हुँदैन । देशलाई विकल्प चाहिएको छ भने विकल्पको नीति पनि चाहिन्छ । महँगी घटाउने वैकल्पिक योजना के हो ? रोजगारी कसरी सिर्जना गर्ने ? युवालाई नेपालमै रोक्ने आर्थिक मोडल के हो ? कृषि र उद्योगलाई कसरी प्रतिस्पर्धी बनाउने ? शिक्षा र स्वास्थ्यलाई कसरी गुणस्तरीय बनाउने ? भ्रष्टाचार नियन्त्रण कसरी गर्ने ? यी प्रश्नमा विपक्षी दलहरूले पनि स्पष्ट दृष्टिकोण दिनुपर्छ ।

देश कसैले एक्लै बनाउँदैन । देश किसानले बनाउँछ, मजदुरले बनाउँछ, शिक्षकले बनाउँछ, व्यवसायीले बनाउँछ, डाक्टर, इन्जिनियर, पत्रकार, कर्मचारी, विद्यार्थी र उद्यमीले बनाउँछन् । विदेशमा बसेर परिवार र देशका लागि पैसा पठाउने नेपालीले पनि देश बनाइरहेका छन् । सरकारको जिम्मेवारी भने उनीहरूलाई काम गर्ने, लगानी गर्ने र आफ्नो भविष्य निर्माण गर्ने वातावरण उपलब्ध गराउनु हो । त्यसैले सरकारको वास्तविक सफलता नागरिकको क्षमतामाथि राज्यले कति भरोसा र अवसर सिर्जना गऱ्यो भन्ने कुराले निर्धारण गर्छ ।



मेक्सिकोको जालिस्को राज्यस्थित त्लाजोमुल्को दे जुनिगामा रहेका 'रान्चो सान जुआन डिएगो' मा 'डे अफ द डेड' (मृतकहरूको दिवस) मनाउने तयारीका क्रममा, 'सेम्पासुचिल' (फूल) को खेतमा तस्बिर खिचाउँदै महिलाहरू । *तस्बिरः एपी*

# कोरियाली सीमा तनावबीच 'कल अफ ड्युटी' दक्षिण कोरियामा बिक्रीको शीर्ष स्थानमा

**सियोल-** उत्तर कोरियाले दक्षिण कोरियामाथि व्यापक सैन्य आक्रमण गरेको कथावस्तु समेटिएको भिडियो गेम 'कल अफ ड्युटीः मोडर्न वारफेयर ४' दक्षिण कोरियामा सर्वाधिक बिक्री हुने गेम बनेको छ । वास्तविक जीवनमा दुई कोरियाबीचको सीमा तनाव बढिरहेका बेला सार्वजनिक भएको यो गेमले त्यहाँका खेलाडीको ध्यान खिचेको छ ।

शुक्रबार सार्वजनिक भएको लोकप्रिय 'कल अफ ड्युटी' शृंखलाको पछिल्लो संस्करण विश्वव्यापी तथा दक्षिण कोरियाली बिक्री सूचीमा शीर्ष स्थानमा पुगेको छ। पिसी गेमको प्रमुख डिजिटल वितरण प्लेटफर्म 'स्टिम' का अनुसार, गेमले दुवै बजारमा राम्रो प्रदर्शन गरेको छ।

गेमको कथावस्तुमा अमेरिकी र रुसी तनावसँगै उत्तर कोरियाको सत्ता संघर्ष र दक्षिण कोरियामाथिको आकस्मिक आक्रमणलाई प्रस्तुत गरिएको छ। कथाको सुरुआत उत्तर कोरियाली सेनाले प्याराट्रुपर र भूमिगत सुरुङ प्रयोग गरी दक्षिण कोरियाली तथा अमेरिकी सेनामाथि आक्रमण गरेपछि हुन्छ । खेलाडीले युवा अमेरिकी तथा दक्षिण कोरियाली सैनिक र उत्तर कोरियाका नयाँ नेतासहित विभिन्न पात्रको भूमिका निर्वाह गर्न सक्छन् ।

गेम सार्वजनिक हुनुअघि कोरियाली सैन्यविहीन क्षेत्र (डिएमजेड) मा भएको विस्फोटमा तीन दक्षिण कोरियाली सैनिक घाइते भएका थिए । यस घटनाले दुई देशबीचको तनाव थप बढाएको छ ।

दक्षिण कोरियामा अनिवार्य सैन्य सेवा गर्नुपर्ने व्यवस्थाका कारण पनि गेमको कथावस्तुले विशेष चासो जगाएको छ । सामाजिक सञ्जालमा केही खेलाडीले गेमको प्रशंसा गरेका छन् भने अरूले यसले सम्भावित युद्धको भयावह चित्र प्रस्तुत गरेको बताएका छन् ।

'थ्रेड्स' का एक प्रयोगकर्ताले गेम खेल्दा कोरियाली युद्धमा सहभागी आफ्ना हजुरबुबाको सम्झना आएको बताएका छन् । अर्का प्रयोगकर्ताले उत्तर कोरियाले वास्तविक आक्रमण गरेमा दक्षिण कोरियाको सीमावर्ती क्षेत्र ग्याङवोन र राजधानी सियोलसमेत जोखिममा पर्न सक्ने भन्दै चिन्ता व्यक्त गरेका छन् ।

यद्यपि, दुई कोरियाबीचको पीडादायी इतिहास र वर्तमान शत्रुतालाई मनोरञ्जनको विषय बनाइएको भन्दै गेमको आलोचना पनि भएको छ । 'किम डे जुङ पिस सेन्टर'का अध्यक्ष किम सुङ-जेले यसले कोरियाली युद्धको त्रासदीलाई खेलका रूपमा प्रस्तुत गर्नु उपयुक्त हुन्छ कि हुँदैन भन्ने प्रश्न उठाएको बताएका छन् ।

यसैबीच, उत्तर कोरियाली सरकारी सञ्चारमाध्यमका अनुसार नेता किम जोङ उनले गत साता प्योङयाङमा आयोजित सैन्य बैठकमा आफ्नो सेनालाई विश्वकै सबैभन्दा शक्तिशाली बनाउन निर्देशन दिएका छन् ।

सन् १९५० देखि १९५३ सम्म चलेको कोरियाली युद्ध शान्ति सम्झौतामा नभई युद्धविराममा टुंगिएकाले दुई देश प्राविधिकरूपमा अझै युद्धको अवस्थामा छन् । दक्षिण कोरियामा उत्तर कोरियाको आणविक क्षमताबाट उत्पन्न जोखिमलाई नियन्त्रण गर्न अमेरिकाले करिब २८ हजार सैनिक तैनाथ गरेको छ । *रासस/एएफपी*

# युक्रेनले स्टारलिंकको सेवा सर्त उल्लंघन गरेको मस्कको आरोप



**किएभ-** अमेरिकी प्रविधि उद्यमी एलन मस्कले युक्रेनले स्टारलिंक स्याटेलाइट सञ्चार प्रणालीको प्रयोग गरी घातक ड्रोन आक्रमण गरेको आरोप लगाएका छन् । युक्रेनी सेनाका लागि महत्त्वपूर्ण मानिने उक्त सञ्जालको सेवामा आएको अवरोधलाई लिएर वासिङ्टन र किएभबीच तनाव बढिरहेका बेला मस्कको यो भनाइ आएको हो ।

मस्कले शनिबार सामाजिक सञ्जाल एक्समा लेख्दै युक्रेनी सेनाले स्टारलिंकको सेवा सर्त उल्लंघन गरी मानिसको ज्यान लिने उद्देश्यले ड्रोन आक्रमण गर्न प्रणालीको प्रयोग गरेको आरोप लगाए । उनले उक्त कमजोरी गत हप्ता नै हटाइएको पनि दाबी गरे ।

'स्टारलिंकका सर्तहरू सधैं यसलाई नागरिक सञ्चार प्रणालीका रूपमा प्रयोग गर्ने उद्देश्यमा आधारित छन्, हत्या गर्ने माध्यमका रूपमा होइन । सर्त उल्लंघन भएमा सेवा बन्द गरिने छ,' मस्कले अर्को पोस्टमा लेखेका छन् ।

यद्यपि, मस्कले युक्रेनको रक्षाका लागि स्टारलिंक अझै पनि अत्यन्त महत्त्वपूर्ण रहेको बताए । उनका अनुसार, तत्काल अवरुद्ध पार्न वा नष्ट गर्न कठिन भएकाले यो प्रणाली युक्रेनी सेनाका लागि निर्णायक छ । 'स्टारलिंक बन्द भएमा युक्रेनको अग्रपंक्ति तत्कालै ढल्ने छ,' उनले भने ।

सन् २०२२ मा रुसले युक्रेनमाथि आक्रमण सुरु गरेयता मस्कले युक्रेनप्रतिको आफ्नो धारणा पटक-पटक परिवर्तन गर्दै आएका छन् । उनले स्टारलिंक सेवामा आउने अवरोधका लागि स्पेसएक्सभन्दा अमेरिकी सरकार जिम्मेवार रहेको दाबी पनि गर्दै आएका छन् ।

रुसी क्षेप्यास्त्र तथा ड्रोन आक्रमणको सामना गरिरहेको युक्रेनले सैन्य सञ्चार, निगरानी र अन्य सञ्चालनका लागि नागरिक प्रयोजनको स्टारलिंक तथा सैन्य प्रयोजनका लागि विकसित स्टारशिल्ड प्रणालीमा निर्भर रहँदै आएको छ ।

युक्रेनका रक्षामन्त्री येभगेनी खमाराले शनिबार निगरानी प्रणालीहरूले स्टारलिंक र स्टारशिल्डको गतिमा सुधार देखाएको बताएका छन् । उनका अनुसार, प्रणालीको गति प्रतिघण्टा ४०० किलोमिटरभन्दा बढी पुगेको छ र सञ्चार सम्पर्क स्थिर रहेको छ ।

'यो उपलब्धि हाम्रो अग्रपंक्ति, सैनिक, ड्रोन सञ्चालन, रसद व्यवस्थापन र सञ्चारका लागि अत्यन्त महत्त्वपूर्ण छ,' खमाराले भने ।

उनले आवश्यक गति पुनः प्राप्त भएको र सेवा पुनःस्थापनाको काम रातिदेखि नै सुरु गरिएको पनि बताए । युक्रेनी सेनाका लागि अग्रपंक्तिमा रसद व्यवस्थापन गर्न र रकेटबाट चल्ने ड्रोनको खतरासहितका आक्रमणबाट देशको रक्षा गर्न यो सुधार महत्त्वपूर्ण रहेको उनको भनाइ थियो ।

स्टारलिंक सञ्जाल पछिल्लो समय युक्रेन र अमेरिकाबीचको विवादको प्रमुख विषय बनेको छ । युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले वासिङ्टनले रुसलाई फाइदा पुग्ने गरी काम गरेको आरोप लगाएका थिए । उनका अनुसार, अमेरिकाले युक्रेनतर्फ लक्षित क्षेप्यास्त्र आक्रमणबारे समयमै पूर्वसूचना नदिएको र स्टारलिंकको गति सीमित पारेको कारण युक्रेनको सैन्य प्रतिकार्य कमजोर भएको थियो ।

रक्षामन्त्री खमाराले यस विषयमा जेलेन्स्कीले लिएको 'दृढ अडान' को प्रशंसा गर्दै त्यसले सकारात्मक नतिजा दिइरहेको बताएका छन् । *रासस/एएफपी*

# रियाद विमानस्थलमा उडान सुरु




**रियाद-** यमनका हुथी विद्रोहीहरूले साउदी राजधानीमा आक्रमण गरेपछि दुई सातासम्म बन्द रहेको रियाद अन्तर्राष्ट्रिय विमानस्थलमा आइतबारदेखि उडानहरू पुनः सुरु भएका छन् । यद्यपि, इरान समर्थित यस समूहले आगामी दिनमा थप आक्रमण हुन सक्ने चेतावनी दिएको छ ।

'फ्लाइट राडार' नामक अनुगमन साइटले आइतबार बिहान रियाद विमानस्थलबाट एउटा विमान उडेर साउदी सहर जेद्दाहतर्फ गइरहेको देखाएको थियो । साउदी अरब र उसले समर्थन गरेको यमनको अन्तर्राष्ट्रियरूपमा मान्यता प्राप्त सरकारले लामो समयदेखि कायम रहेको युद्धविराम यसै गर्मीयाममा भंग भएपछि, हालैका साताहरूमा हुथी विद्रोहीहरूको निरन्तर आक्रमणको सामना गरिरहेका छन् ।

यो द्वन्द्वले अमेरिका र इरानबीचको व्यापक टकरावको केन्द्रबिन्दुलाई यमनतर्फ मोडिदिएको छ र विश्वकै गरिब मुलुकहरूमध्ये एक यमनमा मानवीय संकटलाई अझ गहिरो बनाएको छ ।

रियादस्थित किङ खालिद अन्तर्राष्ट्रिय विमानस्थलले शनिबार 'एक्स'मा पोस्ट गर्दै जानकारी दिएअनुसार अक्टोबर २५, आइतबारदेखि लागू हुनेगरी टर्मिनल (१) लाई आन्तरिक उडानहरूका लागि र टर्मिनल (२) लाई राष्ट्रिय वायुसेवा कम्पनीहरूद्वारा सञ्चालित अन्तर्राष्ट्रिय उडानहरूका लागि तोकिएको थियो ।

हुथी विद्रोहीहरूले रियाद विमानस्थललाई लक्षित गरी पटक-पटक आक्रमण गरेका छन् । यसै महिना भएको एउटा आक्रमणमा १३ जनाको मृत्यु हुनुका साथै ३०० जनाभन्दा बढी मानिस घाइते भएका थिए; यो साउदी अरबमा विगत एक दशकभन्दा बढी समययताकै सबैभन्दा घातक आक्रमण थियो ।

हुथी विद्रोहीका सैन्य प्रवक्ता याहया सारीले विमानस्थल अझै पनि असुरक्षित रहेको र यो एउटा सैन्य लक्ष्य भएको चेतावनी दिएका छन् । उनले भने, 'यमनी सशस्त्र बलहरूले सबै अन्तर्राष्ट्रिय, क्षेत्रीय र स्थानीय वायुसेवा कम्पनीहरू, साथै त्यहाँका कर्मचारी र यात्रुहरूलाई रियादस्थित किङ खालिद विमानस्थल प्रयोग नगर्न चेतावनी दिन्छन्, किनकि यो असुरक्षित छ र हाम्रा सेनाका लागि सैन्य लक्ष्यको रूपमा रहेको छ ।'

हुथी विद्रोहीहरूसँग लडिरहेको साउदी नेतृत्वको सैन्य गठबन्धनले आइतबार बिहान रियाद क्षेत्रमा दुईवटा ड्रोन खसालेको जनाएको छ । *रासस/एएफपी*

# भारतको बाँध परियोजनाविरूद्ध प्रदर्शन, प्रहरीसँग झडप हुँदा ४० प्रहरी घाइते



**नयाँदिल्ली-** चीनसँग सीमा जोडिएको हिमालय क्षेत्रमा प्रस्तावित विशाल जलविद्युत् बाँध परियोजनाको विरोधमा उत्रिएका प्रदर्शनकारी र प्रहरीबीच भारतको अरुणाचल प्रदेशमा झडप भएको छ । सरकारी अधिकारीका अनुसार, प्रदर्शनकारीहरूले प्रहरी चौकी, सरकारी कार्यालय र जनप्रतिनिधिका घरमा तोडफोड गर्नुका साथै केही भवनमा आगजनी गरेका छन् ।

मुख्यमन्त्री पेमा खाण्डुका अनुसार, सरकारी जलविद्युत् कम्पनी एनएचपिसीले निर्माण गर्ने प्रस्ताव गरेको ११ हजार २०० मेगावाट क्षमताको 'सियाङ अपर मल्टिपर्पज प्रोजेक्ट' विरुद्धको प्रदर्शनका क्रममा शुक्रबार राति हिंसा भड्किएको थियो ।

खाण्डुले शनिबार पत्रकारहरूसँग भीडले ठूलो मात्रामा सम्पत्ति नष्ट गरेको बताए । प्रदर्शनकारीहरूले प्रहरी चौकी र एनएचपिसीको कार्यालयमा तोडफोड गर्नुका साथै निर्वाचित जनप्रतिनिधिका घरमा लुटपाट गरेको उनले जानकारी दिए ।

प्रदर्शनकारीले हानेको ढुंगा लागेर करिब ४० जना प्रहरी घाइते भएका छन् । भीडलाई नियन्त्रणमा लिन प्रहरीले अश्रुग्यास प्रहार गरेको थियो । मुख्यमन्त्री खाण्डुले परियोजनाको विरोध गरिरहेका स्थानीयलाई हिंसाको बाटो त्यागेर सरकारसँग वार्ता गर्न आग्रह गरे ।

भारतले तिब्बतमा चीनले निर्माण गर्न लागेको विशाल जलविद्युत् परियोजनाको सम्भावित प्रभावलाई ध्यानमा राख्दै आफ्नो बाँध परियोजना आवश्यक रहेको बताउँदै आएको छ । करिब १६७ अर्ब अमेरिकी डलर लागत अनुमान गरिएको चिनियाँ परियोजना विश्वकै सबैभन्दा ठूलो जलविद्युत् आयोजना बन्न सक्ने बताइएको छ ।

चिनियाँ बाँधका कारण ब्रह्मपुत्र नदीको तल्लो तटीय क्षेत्रमा पानीको बहाव प्रभावित हुन सक्ने भारतको चिन्ता छ । प्रस्तावित भारतीय बाँधमा विशाल जलाशय निर्माण गरी नदीमा पानीको बहाव कायम राख्न सकिने नयाँ दिल्लीको भनाइ छ । तर, बेइजिङले आफ्नो परियोजनाले तल्लो तटीय क्षेत्रमा कुनै नकारात्मक असर नपार्ने दाबी गरेको छ ।

भारतको प्रस्तावित बाँध परियोजनाको स्थानीय समुदायले पनि विरोध गर्दै आएका छन् । परियोजना निर्माण भए आफूहरूले घर र जमिन गुमाउनुपर्ने उनीहरूको चिन्ता छ ।

यस विवादले भारत र चीनबीच हिमालय क्षेत्रमा कायम सीमा तनावलाई थप उजागर गरेको छ । चीनले अरुणाचल प्रदेशलाई दक्षिणी तिब्बतको हिस्सा दाबी गर्दै आएको छ भने भारतले उक्त राज्य आफ्नो अभिन्न भू-भाग भएको बताउँदै आएको छ । भारतको विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले शुक्रबार सीमा क्षेत्रमा तनाव व्यवस्थापन गर्न दुवै देशका अधिकारी नियमित सम्पर्कमा रहेको बताएका थिए ।

उनका अनुसार सीमा क्षेत्रमा चिनियाँ सेनाले नियमित गस्तीको स्थापित ढाँचाभन्दा फरक गतिविधि गर्दा बेलाबेलामा तनाव उत्पन्न हुने गरेको छ । दुवै पक्षले कूटनीतिक तथा सैन्य संयन्त्रमार्फत बाँकी विवाद समाधान गर्न र गलत बुझाइबाट उत्पन्न हुन सक्ने तनाव रोक्न प्रयास गरिरहेको उनले बताए । *रासस/एएफपी*

# निर्वाचनका दिन वेस्ट बैंकका सबै स्थलमार्ग बन्द गर्ने इजरायलको घोषणा



**हेब्रोन-** इजरायलले आगामी अक्टोबर २७ मा हुने निर्वाचनका दिन वेस्ट बैंकसँग जोडिएका सबै स्थलमार्ग बन्द गर्ने घोषणा गरेको छ । प्यालेस्टिनी बन्दुकधारीको आक्रमणमा दुई इजरायली सैनिक मारिएपछि इजरायलले उक्त क्षेत्रमा सैन्य कारबाही तीव्र बनाएको हो ।

इजरायली सेनाले हेब्रोन सहरमा प्रवेश गरी करिब दुई हजार प्यालेस्टिनी बासिन्दालाई विस्थापित गराएको भोलिपल्ट उक्त घोषणा गरेको हो । रक्षामन्त्री इजरायल काट्जले हमाससँग सम्बन्धित समस्या समाधान नभएसम्म विस्थापितहरूलाई घर फर्कन नदिइने बताएका छन् ।

शुक्रबार प्यालेस्टिनी सहरनजिकैको जाँच चौकीमा भएको आक्रमणमा दुई इजरायली सैनिकको मृत्यु भएको थियो भने अन्य तीन जना घाइते भएका थिए । हमासले आक्रमणको जिम्मेवारी नलिए पनि त्यसको प्रशंसा गरेको छ ।

प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले आक्रमणमा संलग्न पक्षले ठूलो मूल्य चुकाउनुपर्ने चेतावनी दिएका छन् । उनले सन् १९६७ मा इजरायलले वेस्ट बैंक कब्जा गरेयताकै ठूलो स्तरको सैन्य कारबाही गर्ने संकेत गरेका छन् ।

इजरायली सेनाका अनुसार आइतबारदेखि प्यालेस्टिनी कामदारलाई वेस्ट बैंकका इजरायली बस्ती, औद्योगिक क्षेत्र तथा जोर्डन उपत्यकामा प्रवेश गर्न रोक लगाइने छ । निर्वाचनको दिन सबै स्थलमार्ग बन्द रहने छन् ।

यसैबीच, प्यालेस्टिनी प्राधिकरणले सैन्य कारबाहीबाट प्रभावित नागरिकको सुरक्षाका लागि इजरायलमाथि अन्तर्राष्ट्रिय दबाब बढाउन आह्वान गरेको छ ।

इजरायली सेनाले शुक्रबार र शनिबार वेस्ट बैंकका ४० स्थानमा कारबाही गरेको जनाएको छ । सेनाका अनुसार हमास र इस्लामिक जिहादजस्ता संगठनसँग आबद्ध व्यक्तिसहित करिब ४० जना शंकास्पद व्यक्तिलाई पक्राउ गरिएको छ ।

हेब्रोनको एन देर बहा क्षेत्रमा सैनिकहरूले राति लाउडस्पीकरमार्फत बासिन्दालाई घर खाली गर्न निर्देशन दिएका थिए । स्थानीय ७० वर्षीय पसल सञ्चालक हिगाजी शावर अल-तमिमीका अनुसार उनकी ९० वर्षीया बिरामी सासूलाई समेत बोकेर सुरक्षित स्थानमा लैजानुपरेको थियो ।

इजरायलका दक्षिणपन्थी अर्थमन्त्री बेजालेल स्मोट्रिचले गोलीकाण्डपछि अवैध संरचना भत्काउने आदेश दिएको बताएका छन् । उनले आक्रमणमा संलग्न पक्षले त्यसको गम्भीर परिणाम भोग्नुपर्ने चेतावनी दिएका छन् ।

इजरायली सेनाले कारबाही केही दिनसम्म चल्ने जनाएको छ । तर, नेतान्याहुको पछिल्लो अभिव्यक्तिले वेस्ट बैंकमा थप व्यापक सैन्य अभियान हुन सक्ने संकेत गरेको छ । *रासस/एएफपी*

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २,७८,५०० | प्रति तोला – ० | प्रति तोला – ३,९५५ |



**मुस्ताङमा पर्यटकको चाप** | दसैंपछि मुस्ताङमा पर्यटकीय आवागमन बढेसँगै वारागुङ मुक्तिक्षेत्र रानीपौवा बसपार्कमा राखिएको पर्यटकहरूको सवारीसाधन । *तस्बिर: रासस*

# पर्यटकको रोजाइमा घोडेपानी–पुनहिल

■ **सन्तोष गौतम**



**म्याग्दी-** पूर्वी क्षितिजमा लाली चढ्दै गर्दा पुनहिलको टाकुरा पर्यटकले भरिन थाल्छ । कोही क्यामेरा तेर्स्याउँछन्, कोही मोबाइलमा दृश्य कैद गर्न व्यस्त हुन्छन् । चराहरूको चिरबिरसँगै विस्तारै खुल्दै जान्छन् हिमाल । सूर्यको पहिलो किरण हिउँचुचुरामा पर्दा सेता हिमशृंखला सुनौलो रङमा चम्किन्छन् । प्रकृतिको यही अनुपम दृश्यले पर्यटकलाई मन्त्रमुग्ध बनाउँछ ।

मनसुन सकिएपछि खुलेको नीलो आकाश, लहरै देखिने हिमाल र चिसो मौसमसँगै म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ स्थित घोडेपानी-पुनहिलमा पर्यटकको चहलपहल बढेको छ । दसैंतिहारको बिदा मनाउन र प्रकृतिसँग रमाउन चाहने आन्तरिक तथा बाहय पर्यटकको रोजाइमा यो गन्तव्य पर्न थालेको हो ।

दसैंअघि सुनसान बनेको घोडेपानी पुनहिलमा पछिल्ला दिनमा पाहुनाको आगमन बढ्न थालेको घोडेपानीका होटल व्यवसायीसमेत रहेका अन्नपूर्ण गाउँपालिकाका पूर्वअध्यक्ष डमबहादुर पुनले बताए ।

'विपद्का कारण असोज महिनामा सुनसान भएको थियो,' उनले भने, 'कात्तिक महिनाको सुरुआतसँगै दैनिक २०० जना विदेशी र ५० जनाको हाराहारीमा नेपाली पर्यटक आएका छन् ।'

पोखराबाट घुम्न आएका सन्तोष बरालले घोडेपानी-पुनहिलको प्राकृतिक सौन्दर्यले मोहित बनाएको बताए । सहरको व्यस्त दैनिकीबाट केही समय टाढा रहेर हिमाल, वनजंगल र शान्त वातावरणमा रमाउन पाएको उनले बताए । चाडपर्वको बिदालाई घुमफिर र नयाँ अनुभवका लागि उपयोग गर्ने चलन बढेको छ ।

समुद्री सतहदेखि तीन हजार २१० मिटर उचाइमा रहेको पुनहिल घोडेपानीको प्रमुख आकर्षण हो । यहाँबाट धौलागिरि, अन्नपूर्ण, नीलगिरि, गुर्जा, मानापाथी, माछापुच्छ्रे, मनास्लु र बराह शिखरलगायत १५ भन्दा बढी हिमाली टाकुराको अवलोकन गर्न सकिन्छ । मौसम खुलेका बेला टाढाटाढासम्म फैलिएका हिमशृंखला आँखैअघि उभिएझैँ देखिने स्थानीय व्यवसायी सुरेश पुनले बताए ।

सूर्योदयसँगै सूर्यास्त र हिमाली दृश्यावलोकनका लागि पनि पर्यटक यहाँ पुग्ने गर्छन् । बिहान पुनहिलमा सूर्योदय हेरेपछि पर्यटक घोडेपानी फर्केर आसपासका वनजंगल, गाउँबस्ती र प्राकृतिक सम्पदाको अवलोकन गर्छन् । शान्त वातावरण र हरियालीले यात्राको थकान बिर्साउन सहयोग गर्ने पोखराकी रोजी श्रेष्ठले बताइन् ।

'बिहान हिमालमा उदाउने सूर्य, दिनभरि देखिने हिमशृंखला र प्रकृतिको शान्त वातावरणले लोभ्यायो,' उनले भनिन्, 'प्रकृति प्रेमीहरूका लागि घोडेपानी-पुनहिललाई चाडपर्वको बिदा मनाउने र छोटो पदयात्रा गर्ने पर्यटकको लागि उपयुक्त छ ।'

घोडेपानीका होटल व्यवसायी टेकसर बुढ्जा पुनका अनुसार पर्यटकको आगमन बढेसँगै होटल व्यवसायी व्यस्त भएका छन् । घोडेपानीमा दैनिक एक हजार जना बास बस्न सक्ने २५ वटा सुविधायुक्त होटल छन् । चाडपर्वको बिदा र अनुकूल मौसमका कारण आगामी दिनमा पर्यटक अझै बढ्ने अपेक्षा गरिएको होटल व्यवसायी पुनले बताए ।

पदयात्रा पर्यटनका लागि विश्वप्रसिद्ध अन्नपूर्ण चक्रीय पदमार्गमा पर्ने घोडेपानी-पुनहिल छोटो अवधिको पदयात्राका लागि पनि लोकप्रिय छ । पोखराबाट कास्कीको नयाँपुल हुँदै उल्लेरीको बाटो पदयात्रा गरेर यहाँ पुग्न सकिन्छ । म्याग्दीको पोखरेबगर, घार र शिख हुँदै सडकमार्गबाट पनि घोडेपानी पुग्न सकिन्छ । घोडेपानीबाट करिब आधा घण्टाको पैदल यात्रापछि पुनहिल पुगिन्छ ।

पर्यटक पथप्रदर्शक सुन्दर बन्जाराका अनुसार यहाँको मुख्य आकर्षण हिमाली दृश्य र सूर्योदय हो । अनुकूल मौसममा एकै स्थानबाट धेरै हिमालको अवलोकन गर्न पाइने भएकाले पर्यटक घोडेपानी-पुनहिलप्रति आकर्षित हुने गरेका छन् ।

घोडेपानी र पुनहिलको पर्यटन इतिहास पनि रोचक छ । कुनै समय स्थानीय किसानको चरन क्षेत्र रहेको लुङटुङ डाँडा अहिले पुनहिलका नामले विश्व पर्यटन बजारमा परिचित छ । भारतीय सेनाबाट सेवा निवृत्त स्वर्गीय मेजर टेकबहादुर पुनले यस डाँडाको नामकरण गरी पर्यटन विकासको जग बसालेको स्थानीय व्यवसायी बताउँछन् । उनको स्मृतिमा पुनहिलमा दृश्यावलोकनस्थलसमेत निर्माण गरिएको छ ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनामा समेटिएपछि यस क्षेत्रको प्रचारप्रसारले अन्तर्राष्ट्रियस्तरमा विस्तार पाएको हो । प्राकृतिक सौन्दर्य, हिमाली दृश्य, जैविक विविधता र स्थानीय संस्कृति यहाँका थप आकर्षण हुन् ।

पछिल्लो समय विभिन्न क्षेत्रमा आएको बाढीपहिरोले नेपालको पर्यटन क्षेत्रमा असर पारेको भए पनि घोडेपानी-पुनहिल, घान्द्रुक र अन्नपूर्ण आधार शिविर क्षेत्रमा प्रत्यक्ष असर नपरेको पर्यटन व्यवसायीले बताएका छन् । विपद्बाट प्रभावित क्षेत्रका कारण समग्र नेपालको पर्यटन असुरक्षित रहेको सन्देश जान नदिन सुरक्षित गन्तव्यको वास्तविक अवस्था प्रचारप्रसार गर्नुपर्ने उनीहरूको भनाइ छ । *रासस*

# असोजमा पाँच अर्ब ९२ करोडको विद्युत् निर्यात

■ **प्रभाव संवाददाता**

**काठमाडौं-** नेपाल विद्युत् प्राधिकरणले चालु आर्थिक वर्ष २०८३/८४ को असोज महिनामा भारततर्फ पाँच अर्ब ९२ करोड ५० लाख रूपैयाँबराबरको विद्युत् निर्यात गरेको छ ।

बाढीका कारण केही जलविद्युत् आयोजनाको उत्पादन बन्द भई निर्यात प्रभावित भए पनि गत वर्षको असोज र चालु आव भदौको तुलनामा यस वर्ष असोजमा विद्युत् निर्यातबाट प्राप्त कारोबार रकम बढेको छ ।

प्राधिकरणका कार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठले बाढीका कारण निर्यातका लागि स्वीकृति प्राप्त केही जलविद्युत् आयोजनाको उत्पादन बन्द भए पनि असोज महिनामा विद्युत् निर्यातबाट प्राप्त कारोबार रकम बढेको बताए ।

उनका अनुसार असोज महिनामा भारततर्फ निर्यात गरिएको कूल विद्युत् परिमाणमध्ये करिब दुईतिहाइ द्विपक्षीय सम्झौताअनुसार र बाँकी आइएक्समार्फत बिक्री गरिएको थियो ।

यसैबीच, भारतको प्रसारण प्रणाली प्रयोग गरी बंगलादेशतर्फ हुँदै आएको ४० मेगावाट विद्युत् निर्यात पनि पुनः सुरु भएको छ । प्राधिकरणको विद्युत् प्रणाली सञ्चालन विभाग (भार प्रेषण केन्द्र) को तथ्यांकअनुसार असोज महिनामा भारततर्फ कूल ६३ करोड ३९ लाख ८६ हजार आठ युनिट विद्युत् निर्यात भएको छ । उक्त विद्युत् बिक्रीबाट पाँच अर्ब ९२ करोड ५० लाख रूपैयाँबराबरको कारोबार भएको हो ।

असोज महिनामा भारततर्फ विद्युत् निर्यात दुई माध्यमबाट गरिएको थियो । द्विपक्षीय विद्युत् बिक्री सम्झौताअनुसार भारतको हरियाणा तथा विहार राज्यमा विद्युत् बिक्री गरिएको थियो भने बाँकी विद्युत् भारतीय ऊर्जा विनिमय बजार (आइएक्स) को डे–अहेड तथा रियल टाइम बजारमा प्रतिस्पर्धी दरमा बिक्री गरिएको थियो ।

प्राधिकरणले देशभित्रको माग पूरा गरी बचत भएको वर्षायामको विद्युत् प्रत्येक वर्ष भारत एवम् बंगलादेशमा निर्यात गर्दै आएको छ । द्विपक्षीय मध्यकालीन विद्युत् बिक्री सम्झौताअनुसार हरियाणा तथा विहार राज्यमा जुनदेखि अक्टोबरसम्म विद्युत् बिक्री गरिन्छ ।

गत वर्ष २०८२ को असोज महिनामा भारततर्फ विद्युत् निर्यातबाट चार अर्ब ९६ करोड ३० लाख रूपैयाँबराबरको कारोबार भएको थियो । चालु आर्थिक वर्षको भदौमा यस्तो कारोबार रकम पाँच अर्ब नौ करोड २५ लाख रूपैयाँ रहेको थियो । यसअनुसार गत वर्षको असोजको तुलनामा यस वर्षको असोजमा निर्यात कारोबार रकम ९६ करोड २० लाख रूपैयाँले र भदौको तुलनामा ८३ करोड २५ लाख रूपैयाँले बढेको छ । चालु आवको पहिलो तीन महिना साउन, भदौ र असोजमा विद्युत् निर्यातबाट कूल १६ अर्ब १५ करोड १३ लाख रूपैयाँबराबरको कारोबार भएको छ ।

### बंगलादेशतर्फ विद्युत् निर्यात पुनः सुरु

नेपालबाट भारतको प्रसारण संरचना प्रयोग गरी बंगलादेशतर्फ हुँदै आएको ४० मेगावाट विद्युत् निर्यात यही कात्तिक ६ गते साँझदेखि पुनः सुरु भएको छ । भदौ १० गते रसुवाको भोटेकोशी नदीमा आएको हिमबाढीका कारण त्रिशूली नदीमा आएको बाढीले बंगलादेश निर्यातका लागि स्वीकृति प्राप्त त्रिशूली र चिलिमे जलविद्युत् केन्द्रमा क्षति पुऱ्याएपछि निर्यात रोकिएको थियो । बाढीका कारण द्विपक्षीय सम्झौताबमोजिम स्वीकृति प्राप्त जलविद्युत् केन्द्रमा क्षति पुग्दा भारतको हरियाणा राज्यतर्फको विद्युत् निर्यात आंशिकरूपमा प्रभावित भएको थियो ।

भारतको केन्द्रीय विद्युत् प्राधिकरणबाट अन्य जलविद्युत् केन्द्रबाट उत्पादित विद्युत् बंगलादेशतर्फ निर्यात गर्न स्वीकृति प्राप्त भएपछि निर्यात पुनः सुरु भएको प्राधिकरणका कार्यकारी निर्देशक श्रेष्ठले बताए । नयाँ व्यवस्थाअनुसार त्रिशूली, देवीघाट र चिलिमे जलविद्युत् केन्द्रको सट्टा सोलु, काबेली-१ र तल्लो मोदी जलविद्युत् केन्द्रबाट उत्पादित विद्युत् बंगलादेश तथा हरियाणातर्फ निर्यात गर्न स्वीकृति प्राप्त भएको हो ।

नेपाल विद्युत् प्राधिकरण र बंगलादेश पावर डेभलपमेन्ट बोर्ड (बिपिडिबी) बीच २०८१ असोज १७ गते वर्षायामको विद्युत् निर्यातसम्बन्धी पाँच वर्षीय सम्झौता भएको थियो । सम्झौताअनुसार प्रत्येक वर्ष जुन १५ देखि नोभेम्बर १५ सम्मको छ महिनाको अवधिमा दैनिक ४० मेगावाट विद्युत् बंगलादेशमा निर्यात हुँदै आएको छ ।

यसैबीच, भारतको केन्द्रीय विद्युत् प्राधिकरणबाट थप ३१ मेगावाट विद्युत् निर्यात अनुमति प्राप्त भएको छ । नयाँ अनुमतिसँगै भारततर्फ निर्यात गर्न स्वीकृति प्राप्त कूल विद्युत् क्षमता करिब एक हजार १७९ मेगावाट पुगेको छ ।

# कृषि आधुनिकीकरण कार्यक्रमले फैलाउँदै तनहुँमा तरकारी र धानखेतीको क्षेत्रफल



**दमौली (तनहुँ)-** तनहुँमा व्यावसायिक तरकारी तथा धानखेतीको क्षेत्रफल विस्तार हुँदै गएको छ । राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमअन्तर्गत सञ्चालनमा रहेका तरकारी र धान जोनमार्फत खेतीको क्षेत्रफल बढ्नुका साथै हजारौं किसान लाभान्वित भएका छन् ।

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ गोरखाका वरिष्ठ कृषि विकास अधिकृत पूर्ण ढुंगानाका अनुसार तनहुँमा तरकारी जोन सुरु भएयता २१८ हेक्टर र धान जोन सुरु भएयता ८५ हेक्टर क्षेत्रफल वृद्धि भएको छ ।

तनहुँमा आर्थिक वर्ष २०७५/७६ देखि तरकारी जोन कार्यक्रम सुरु गरिएको थियो । सुरुवातमा ५०५ हेक्टर क्षेत्रफलमा सञ्चालन भएको तरकारी जोन अहिले विस्तार भएर ७२३ हेक्टर पुगेको छ । यस अवधिमा तरकारी खेतीको क्षेत्रफल २१८ हेक्टरले बढेको हो ।

त्यस्तै, आर्थिक वर्ष २०७९/८० देखि धान जोन कार्यक्रम सुरु गरिएको थियो । सुरुवातमा ५०० हेक्टर क्षेत्रफलमा रहेको धान जोन अहिले विस्तार भएर ५८५ हेक्टर पुगेको छ । धान खेतीको क्षेत्रफल पनि ८५ हेक्टरले वृद्धि भएको छ ।

तरकारी तथा धान खेतीलाई व्यावसायिक र उत्पादनमुखी बनाउने उद्देश्यले सञ्चालन गरिएका यी कार्यक्रमले खेतीको क्षेत्रफल विस्तार गर्न सहयोग पुऱ्याएको ढुंगानाले बताए ।

तनहुँको आँबुखैरेनी गाउँपालिका, व्यास नगरपालिका, बन्दीपुर गाउँपालिका र भानु नगरपालिकामा तरकारी जोन कार्यक्रम सञ्चालन भइरहेको छ । यी क्षेत्रमा तरकारी उत्पादनलाई व्यवस्थित गर्दै व्यावसायिक खेतीको क्षेत्र विस्तार गर्ने उद्देश्यले कार्यक्रम कार्यान्वयन गरिएको हो ।

तरकारी जोनअन्तर्गत दुई सहकारी, दुई कृषक समूह र ११ कृषि उद्यमीमार्फत कार्यक्रम सञ्चालन भइरहेको वरिष्ठ कृषि विकास अधिकृत ढुंगानाले जानकारी दिए । यस जोनबाट हालसम्म एक हजार ९८९ जना लाभान्वित भएका छन् ।

किसान, सहकारी, समूह तथा कृषि उद्यमीलाई समेटेर कार्यक्रम सञ्चालन गर्दा उत्पादनलाई व्यावसायिकस्वरूप दिन र कृषि क्षेत्रमा आबद्ध जनशक्तिलाई संगठित गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

धान जोन कार्यक्रम तनहुँको व्यास नगरपालिका-८, ९ र ११, भानु नगरपालिका तथा बन्दीपुर गाउँपालिका-१ मा सञ्चालन भइरहेको छ । धान उत्पादनको क्षेत्र विस्तार तथा खेतीलाई व्यावसायिक बनाउने उद्धेश्यले कार्यक्रम कार्यान्वयन गरिएको हो ।

धान जोनअन्तर्गत दुई सहकारी, दुई कृषक समूह र १० कृषि उद्यमीमार्फत कार्यक्रम सञ्चालन भइरहेको छ । यस कार्यक्रमबाट एक हजार ८३८ जना लाभान्वित भएका छन् ।

आर्थिक वर्ष २०७९/८० मा पाँच सय हेक्टर क्षेत्रफलबाट सुरु भएको धान जोन अहिले ५८५ हेक्टरमा विस्तार भएको छ । तरकारी र धान जोन कार्यक्रमबाट तनहुँमा कुल तीन हजार ८२७ जना लाभान्वित भएका छन् । तीमध्ये तरकारी जोनबाट एक हजार १८९ र धान जोनबाट एक हजार ८३८ जना लाभान्वित भएका छन् ।

दुवै कार्यक्रममार्फत खेतीको क्षेत्रफल विस्तार हुनुका साथै सहकारी, कृषक समूह र कृषि उद्यमीको सहभागितामा कृषि गतिविधि सञ्चालन भइरहेको छ । *रासस*

**कतार/युएइमा रोजगार** कम्पनी : KARAK MQANES

पूर्व स्वीकृति मिति : २०८३/०६/३० LT. No. 349371 चलानी नं.६०२६२५६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleanar Hotel | 5 | 0 | 1000 | ४१,६४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cook (General) | 13 | 0 | 1500 | ६२,४७२ | | | | | | | |
| 3. | Cafe Waiter | 2 | 0 | 1500 | ६२,४७२ | | | | | | | |
| 4. | Waiter | 10 | 0 | 1400 | ५८,३०८ | | | | | | | |

कम्पनी : EXODUS SKY RISE TECHNICAL SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०७/२८ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०७/०८ LT. No. 333703 चलानी नं.६०२४७३९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Carpenter | 13 | 0 | 1200 | ४९,५७१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Asst. Steel Fixer | 5 | 0 | 1200 | ४९,५७१ | | | | | | | |
| 3 | Concrete Mason Assistant | 15 | 0 | 1200 | ४९,५७१ | | | | | | | |
| 4 | Labour | 3 | 0 | 1000 | ४१,३०९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ कात्तिक १६ गते (2nd Nov. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** श्रम इजाजत नं. ५७४/०६२/०६३
Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492, Kumar Tamang +977 985-1118313
E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

**कतारमा रोजगार** कम्पनी : GROUP SECURITY SYSTEM CERTIS CISCO INTERNATIONAL

पूर्व स्वीकृति मिति : २०८२/०४/०७ पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०७/०८ LT. No. 327489 चलानी नं. ६०२४१३४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 6 | 0 | 1500 | ६२,४७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Light Driver (GCC Return) | 5 | 0 | 1700 | ७०,८०३ | | | | | | | |

कम्पनी : GLINK MANPOWER CONSULTANCY

पूर्व स्वीकृति मिति : २०८३/०३/३२ पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०७/०८ LT. No. 345089 चलानी नं. ६०२५८३३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | INSURANCE BROKER | 1 | 0 | 3000 | १,२४,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Marketing Specialist | 0 | 1 | 3000 | १,२४,९४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ कात्तिक १६ गते (2nd Nov. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १६६९/०८०/०८१
**ASLIYA MANPOWER SUPPLY PVT. LTD.**
Kathmandu Metropolitian City-9, Gairigaun, Bagmati Province, Phone No. 9843148012, 9707934456

**कुवेतमा रोजगार** कम्पनी : YARDEK COFFEE FOR RESTAURANT MANAGEMENT COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०७/१३ पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०७/०८ LT. No. 332850 चलानी नं. ६०२४६५६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barista | 12 | 12 | 150 | ७३,५३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ कात्तिक १६ गते (2nd Nov. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ७०३/०६४/०६५
**BRIGHT STAR HUMAN RESOURCES PVT. LTD.**
Tokha 07, Prayasnagar, Kathmandu, Nepal, Tel: 015910659, Conatcat No. 9851315983, 9851320507
Office Hours: 10:00 AM to 5:00 PM. Email: cv.brightstar@gmail.com, info@brightstarhr.com / Web: brightstarhr.com

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्स्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ